स्थिति सूचक

मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष २७, अङ्क ४
फागुन २०७६



सन् २०१९ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

सम्पादन
मदन पौडेल

तथ्याङ्क प्रशोधन
अनुज केसी

व्यवस्थापक
शैलेस शर्मा

पोष्ट बक्स नं. २७२६
नागार्जुन नपा-१३, स्यूचाटार
काठमाडौं, नेपाल
फोन : ५२१८७७०
फ्याक्स : ५११८२५१
Email: insec@insec.org.np
Website: www.inseconlin

मुद्रक
ड्रिम ग्राफिक प्रेस
काठमाडौं

२८ औं संस्करणको भूमिका

प्रतिबद्धता निरन्तरताको

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न थालेको २८ वर्ष पूरा भएको छ । यसको प्रमुख उद्देश्य मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको व्यवस्थित अभिलेख राख्नु र त्यसमार्फत् पीडितको न्याय प्राप्तिमा सहायता गर्नु नै हो ।

२०४६ सालमा पुनर्स्थापित प्रजातन्त्रसँगै सामाजिक न्याय र मानव अधिकार प्राप्तिका सन्दर्भमा अभियान थालेको इन्सेकले २०४९ सालदेखि मानव अधिकारबारे अभिलेख राख्न सुरु गरेको थियो । बितेका २८ वर्षमा नेपालमा राजनीतिक तथा सामाजिक परिवर्तनका क्षेत्रमा उल्लेख्य काम भए । परिवर्तनका यी सबै दस्तावेजको सङ्ग्रह इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत गर्दै आएको छ ।

इन्सेकले गरेको अभिलेख सशस्त्र द्वन्द्वपीडितको न्याय र परिपूरणका लागि, जनआन्दोलनका घाइते तथा पक्राउ र यातनापीडितका लागि राहत प्राप्त गर्ने माध्यममात्रै बनेका छैनन्, सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिका १३ वर्षपछिसम्म पनि यससम्बन्धी खोज तथा अनुसन्धान गर्नेका लागि भरपर्दो सन्दर्भ सामग्री बनिरहेको छ । नागरिकको मर्यादा र सार्वभौम अधिकारप्रति संचेतना बढाउने अभिप्रायले नै मानव अधिकारसँग सम्बन्धित घटना र सूचना प्रकाशन गरिएको हो ।

त्यतिमात्र हैन, मुलुकमा भएका मुख्य परिवर्तन, त्यसक्रममा देखिएका उतारचढाव तथा महत्त्वपूर्ण घटनाक्रमलाई समेत वर्ष पुस्तकले समेट्ने गरेका छन् । राज्यले राख्नुपर्ने यस्ता अभिलेख वर्ष पुस्तकले समेटेर सरकारलाई समेत सहयोग गर्दै आएको छ । कतिपय अवस्थामा राज्यका निकायले समेत आधिकारिक प्रमाणका लागि वर्ष पुस्तकलाई नै आधार मान्दै आएका छन् । अर्कोतर्फ अन्तर्राष्ट्रियस्तरबाट समेत नेपालको मानव अधिकार अवस्था विश्लेषणका लागि मानव अधिकार वर्ष पुस्तकलाई प्रमाणिक दस्तावेज मानिनुले इन्सेकको इमान्दार प्रयासप्रति प्राप्त वैधताका रूपमा बुझेका छौँ ।

सन् २०१९ मा राज्य तथा अन्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना गत वर्षको भन्दा बढी अभिलेख भयो । महिलामाथि हुने हिंसा र त्यसमध्ये पनि बलात्कारका घटना अघिल्लो वर्षको तुलनामा बढेको छ । थप चिन्ताको विषय त यो र हृयो कि बालिकामाथि हुने बलात्कारका घटनामा समेत वृद्धि भयो । यस वर्ष महिलामाथि हुने घरेलु हिंसाका विभत्स घटना अभिलेख भए । पर्याप्त दाइजो नल्याएको आरोपमा कुटिनेदेखि मारिनुपर्नेसम्मका घटना यस वर्ष पनि दोहोरिए । आफ्नै ठानिएका पति र परिवारका अन्य सदस्य यस्ता अपराधमा संलग्न हुने क्रम पनि रोकिएन । त्यसैगरी आफ्नो

इज्जत बचाउने नाममा महिला (छोरी/चेली) को हत्या (अनर किलिङ) गर्ने घटना यस वर्ष पनि सार्वजनिक भए। यी अवस्थाले मानव अधिकारभित्र पनि महिला मानव अधिकारको अवस्थामा थप चुनौती र खतरा बढ्दै गएको देखिन्छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० ले सन् २०१९ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकार स्थिति आँकलन गरेको छ। यसरी मानव अधिकारको अवस्था छर्लङ्ग पार्ने क्रममा विषयहरू सान्दर्भिक होउन् भन्नेतर्फ पनि ख्याल गरेका छौँ। घटनास्थलमै पुगेर सम्बन्धित पक्षहरूसँग बुझ्ने, अर्धन्यायिक र न्यायिक निकायमा पुगेर त्यसको पुस्ट्याइँ गर्ने तथा पुनःपरीक्षण गर्ने तौरतरिका यसपटक पनि लागु गरियो। जसले यस पुस्तकमा समावेश घटनाहरू निष्पक्ष बनाउन सघाएको महसुस भएको छ।

न्यायपालिका र तीनै तहका कार्यपालिका तथा व्यवस्थापिकाले सम्पादन गरेका कार्य, तिनका प्रभाव तथा कमजोरीबारे मानव अधिकारका नजरले केलाउने कार्य यसपटक पनि भएको छ। जसबाट सरकारलाई आफ्ना कमजोरी थाहा पाइ सुधार मार्गमा लाग्न मद्दत पुग्ने अपेक्षा गरिएको छ भने सर्वसाधारण आफ्नो अधिकारका साथै कर्तव्यप्रति पनि सचेत हुन मद्दत पुग्ने ठानिएको छ। प्रस्तुत विवरणबाट शक्ति पृथकीकरणको अवस्था बुझ्न र त्यसले मानव अधिकारका क्षेत्रमा पुऱ्याएको योगदान तथा हानिको विश्लेषण गर्न पनि सघाउने आशा गरिएको छ।

घटना सङ्कलन तथा त्यसलाई पुष्टी गर्ने क्रममा इन्सेकका ७७ जिल्ला प्रतिनिधिले जिल्ला प्रहरी कार्यालय मातहत रहने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको अनुगमन गरेका थिए। कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको पाइयो। कानुनले नै मिलापत्र हुन नसक्ने भने का विषयमा समेत मिलापत्र गराउने तथा शक्ति र पैसाका भरमा खासगरी महिला हिंसाका घटना सामसुम पार्ने प्रयासले मानव अधिकार उल्लङ्घनप्रति उचित संवेदनशीलता नभएको देखियो।

वर्षको सुरुमै अदालतमा दर्ता भएका सामान्य कुटपिट र बहुविवाहका मुद्दासमेत वर्षको आखिरीसम्म टुङ्गो नलाग्दा पीडित पक्ष निराश बने। गाउँठाउँका सामान्य घटनामा कारबाही गर्ने आदेश दिनसमेत प्रशासनले एक वर्षसम्म नभ्याएको स्थितिले उसको ढिलासुस्तीमा कुनै सुधार आएको देखिएन। अर्धन्यायिकमात्र हैन, न्यायिक निकायले समेत सर्वसाधारणलाई न्यायमा ढिलाइ गरिदिँदा पीडित उपर पर्ने मानसिक, शारीरिक तथा सामाजिक, आर्थिक र राजनीतिकरूपमा पर्ने असरबारे विचार पुऱ्याएको पाइएन। यस्तो अवस्थाले यी निकायप्रति सर्वसाधारणको धारणा सकारात्मक हुन सकेन।

सदाझैँ यस वर्षको मानव अधिकार अवस्था चित्रणसहितको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० सबैसामु छ। गाउँ/गाउँदेखि टोल/टोलसम्म छरिएका घटना र सूचनाले पुस्तकको रूप धारण गर्नुमा धेरै जनाको अथक प्रयास छ। यस क्रममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको प्राथमिक सूचना अभिलेख गर्ने ७७ वटै जिल्लाका प्रतिनिधि धन्यवादका पहिलो भागिदार छन्। पुस्तकलाई प्रकाशन चरणसम्म पुऱ्याउने वर्ष पुस्तक टोली र इन्सेकका कर्मचारीको भूमिका पनि महत्त्वपूर्ण छ।

यो पुस्तकलाई सत्य/तथ्यपूर्ण, विश्वसनीय र सन्तुलित बनाउन राजनीतिक दल, प्रशासन, न्यायालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नागरिक समाजका अगुवाको पनि उत्तिकै भूमिका छ। नेपालको मानव अधिकार अभिलेख उतार्ने र सुरक्षित गर्ने यस कार्यमा हामीलाई सन् १९९२ नै देखि सघाउने नर्वेजियन दूतावास लगायत 'ब्रेड फर दि वर्ल्ड' र राष्ट्रिय/अन्तर्राष्ट्रिय सहयोगी दाताहरूप्रति पनि आभार व्यक्त गर्न चाहान्छौँ।

अन्त्यमा, मानव अधिकारसँग सम्बन्धित अभिलेखहरूको यो पुस्तक प्रकाशनमा सदाझैँ यहाँहरूबाट सहयोग र शुभेच्छा पाइ नै रहने छौँ भन्ने अपेक्षा पनि व्यक्त गर्न सान्दर्भिक ठान्छौँ। जसबाट नेपालमा मानव अधिकारको आगामी यात्रा सुखद् हुने कामना गर्न सकिन्छ।

२०७६ फागुन ७

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

नेपालको सङ्क्रमणकालीन न्याय
राजनीतिक इच्छाशक्तिको सङ्कट

१

पृष्ठभूमि

विस्तृत शान्ति सम्झौतामार्फत १० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य गरी संविधानसभाबाट संविधानको निर्माण, माओवादी लडाकु र उनीहरूको हतियार व्यवस्थापनलगायतका कार्य सफलतापूर्वक सम्पन्न भए। यद्यपि बितेका १३ वर्षमा सङ्क्रमणकालीन न्यायका सरोकारहरू ज्युँका त्युँ रहिरहनु सामाजिक न्यायका दृष्टिले बेमेलको अवस्था हो । जसका कारण तत्कालीन सरकार तथा नेकपा माओवादीबीच भएको सशस्त्र द्वन्द्वको सर्वपक्षीय व्यवस्थापन तथा स्थायी निरूपणका लागि नेपालमा भएका विभिन्न प्रयासलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय द्वन्द्वविज्ञहरूका माझ अनुकरणीय नमूनाका रूपमा प्रस्तुत गर्ने अवसर नेपालले गुमाउँदै गएको भान हुन थालेको छ । सशस्त्र द्वन्द्वलाई विधिवत् अन्त्य गर्ने गरी नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते सम्पन्न भएको विस्तृत शान्ति सम्झौताको एउटा महत्वपूर्ण उद्देश्य नेकपा माओवादीद्वारा २०५२ सालबाट सुरु गरिएको सशस्त्र सङ्घर्षको कानुनी तथा शान्तिपूर्ण व्यवस्थापन तथा समाप्ति नै थियो । जसलाई नेपालका राजनीतिक दलले अग्रगमनको प्रस्थानबिन्दु मानेका थिए । मानव अधिकार उल्लङ्घनका पीडितलाई सत्य, न्याय र परिपूरणका काम प्राथमिकताकासाथ शान्ति सम्झौता भएपछि तत्कालै टुङ्ग्याउनु पर्थ्यो । तर सम्बद्ध नेतृत्व यसप्रति गम्भीर र संवेदनशील बन्न चाहेन। नेतृत्वले पीडितलाई शान्ति प्रक्रियाको केन्द्रमा राख्नुपर्नेमा आफूलाई केन्द्रविन्दुमा राखे। परिणाम, बृहत् शान्ति सम्झौता भएको १३ वर्ष बित्दा पनि द्वन्द्वकालीन घटनाका पीडितले न्याय र उचित परिपूरण दुवै पाउन सकेनन्।

मारिएका, बेपत्ता पारिएका, विस्थापित भएका, यौन हिंसा तथा उत्पीडनमा परेकाहरूको मानसिक तथा सामाजिक पुर्नस्थापना, कब्जा गरिएका घरजग्गाको फिर्ताको सुनिश्चिततताजस्ता विषयको न्यायसँग प्रत्यक्ष सम्बन्ध थियो जसमा प्रभावकारी काम हुन सकेन।

शान्ति सम्झौता भएको १३ वर्षमा दण्डहीनताले व्यापक मात्रामा प्रश्रय पायो । सशस्त्र द्वन्द्वका आरोपितहरू उपर विभिन्न अदालतमा रहेका मुद्दा तथा उजुरी उपर राज्यबाट सङ्गठित रूपमै अवरोध भयो । चितवनमा मारिएका कृष्णप्रसाद अधिकारीको हत्या आरोपितलाई कानुनी दायरामा ल्याउन माग गर्दा गर्दै उनका पिता नन्दप्रसाद अधिकारीको मृत्यु भयो। लामो समयसम्म आरोपितहरू कानुनी घेरामा आउन सकेनन्। ओखलढुङ्गाका उज्जन र अर्जुन श्रेष्ठको हत्या आरोपमा जन्मकैदमा रहेका बालकृष्ण ढुंगेलको आममाफी, बाँदरमुढे घटना, अर्जुन लामा हत्याकाण्ड, मुक्तिनाथ अधिकारीको हत्याका घटनामा परेको जाहेरीउपर कुनै कारबाही अगाडि बढेनन् । भैरबनाथ गणबाट बेपत्ता पारिएका ४८ जनाको अवस्था यो अवधिसम्म थाहा हुन सकेन भने घटनाका आरोपितको बढुवा भयो। चर्चामा रहेका घटनाहरू जस्तैः दोरम्बा घटना, मैना सुनार हत्याकाण्ड र कोटवाडा हत्याकाण्डका आरोपितहरू उपर कुनै कारबाहीको प्रकृया अगाडि बढेन। तत्कालीन नेकपा माओवादीले यस्ता घटनालाई बृहत् रुपबाट हेरिनुपर्ने बतायो। इन्सेकले यस्ता विषयमा पटकपटक खबरदारी गर्दै आयो । बितेका वर्षहरूका प्रकाशनहरूमा पनि यस्ता विषयहरू प्राथमिकताका साथ उठान गरिए।

न्याय तथा परिपूरणको सवालमा भने यसबीचमा उल्लेख्य प्रगति नहुँदा शान्ति प्रक्रियाका अन्य महत्त्वपूर्ण उपलब्धि पनि ओझेलमा पर्ने हो कि भन्ने चिन्ता थपिएको छ। राज्यका निकाय तथा सरकारले त्यसबेलाका द्वन्द्वपीडितहरूको न्याय प्राप्त गर्ने अधिकारलगायत परिपूरणका सवाललाई प्राथमिकतामा राखी सम्बोधन नगर्दासम्म यस विषयको स्थायी समाधान हुन कठिन हुने विश्लेषण गरिँदैछ । सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अनुसन्धान गर्नु, त्यस्ता घटना पुनः नहुने सुनिश्चितता गर्नु, मानव अधिकार उल्लङ्घनमा जिम्मेवार व्यक्तिहरू पहिचान गरी कानुनी दायरामा ल्याउनु, पीडितलाई न्याय तथा परिपूरणको उचित व्यवस्था गर्नु, शान्ति संरक्षण र संवर्द्धन गर्नु, व्यक्तिगत र राष्ट्रिय समझदारी विकास गर्नु सङ्क्रमणकालीन न्यायको सर्वमान्य लक्ष्य भए

हत्या





मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो। तर विभिन्न बहानामा मानिसहरूको हत्या हुने गरेको छ। राज्यपक्षबाट हुने हत्याका घटनामा गत वर्षको जस्तै रहे पनि यस वर्ष मुठभेडका नाममा पाँचजनाको हत्या भयो भने एकजनाको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर मृत्यु भयो। कथित मुठभेडका नाममा नागरिकको हत्या हुनु पक्कै सुखद् कुरा होइन। कानुनले आत्मरक्षाका लागि गोली चलाउने अधिकार प्रहरीलाई दिएको छ। तर, यस वर्ष भएका मुठभेडका घटना शंकास्पद रहे। प्रहरीले यससम्बन्धमा चित्त बुझ्दो जवाफ दिन सकेन। यस वर्ष राज्यपक्षबाट सात जना र अन्यपक्षबाट ३ सय ५१ जनाको हत्या भएको इन्सेकमा अभिलेख भयो।

घाइते





शारीरिक रूपमा घाइते हुनका लागि अन्य कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिटलगायतका कारण मानिस घाइते हुन्छन्। सन् २०१९ मा देशभरका १ सय ६३ जना घाइते भएका घटना इन्सेकमा अभिलेख भयो। दोहोरो झडप, प्रहरीको गोली लागेर घाइते भएकाहरूको उपचार सरकारले निःशुल्क गर्ने भनिए पनि उपचार गर्ने वा खर्च लिने प्रक्रिया झञ्झटिलो भएको पीडितहरूले गुनासो गरे।

सन् २०१९ मा घटना अनुसार पीडित सङ्ख्या

प्रदेशका आधारमा

	प्रदेश १	प्रदेश २	बागमति प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदूर पश्चिम प्रदेश	कूल जम्मा
अपहरण	३	१७	७		९	४	४	४४
गिरफ्तार	८३	१५	१६८	१३८	१४४	६२	९२	७०२
कुटपिट	२०	७९	३८	१९	५९	४४	२०	२७९
बालअधिकार	३०१	२२५	३७६	९०	२८३	६५	१०७	१४४७
हिरासतमा मृत्यु	१		३	१			१	५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				३	३	१		५
अमानवीय व्यवहार	४	३	६	१४	६	४	३	४०
घाइते	२४	३३	३९	१६	३०	४	३८	१६३
हत्या	७७	८३	६०	२४	५७	२१	३७	३५८
जातीय विभेद	१	६	२१	५	५	१८	६	६३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	१७	१३	५८	१०			९८
धम्की	३	९	५	३	८	९		३५
यातना		१	७		१	४		१३
महिला अधिकार	३३५	२३६	७४७	३१०	९८६	३५०	५००	३३६४
जेलमा मृत्यु			१६		१			१७
विस्थापन		८						८
बेपत्ता					३			३
कूल जम्मा	८५३	७३०	१४९४	६७९	१६०३	४८६	७९८	६६४३

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

पीडित सङ्ख्या २०१४-२०१९



पीडित सङ्ख्या, २०१९

पीडित सङ्ख्या २०१९, प्रदेशका आधारमा



नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रताको हकको सुनिश्चितता गरिएको छ। यो वर्ष यस्तो अधिकारको प्रयोगमा केही खुकुलो भए पनि अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकारका घटनामा यस वर्ष ९८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

कुटपिट





हतियार प्रयोग गरी वा नगरी पनि एकले अर्कालाई कुटपिट गरेका घटना सार्वजनिक भइरहेका हुन्छन्। व्यक्तिगत कुटपिटका घटना त हाम्रो समाजमा दिनहुँजसो भइरहेका हुन्छन्। तर, मानव अधिकार रक्षकमाथि गरिएका कुटपिटका घटनामा सन् २०१९ मा १ सय ५५ जना पीडित भए। कुटपिटका कारण सामान्य घाइते हुने तथा अङ्गभङ्ग हुनेसम्मका घटना अभिलेख गरिएको छ। मानिसमा तत्काल आउने रिस र आवेगलाई नियन्त्रण गर्न नसक्दा कुटपिटका घटना हुन्छन्। एकले अर्काको कुरा राम्रोसँग सुन्ने गरे यस्ता घटनामा कमी आउँछ। इन्सेकमा अभिलेख भएका यस्ता घटनामा मेलमिलाप गरेर टुङ्ग्याइएको पाइयो।

पनि यस विषयको सुनिश्चितता हालसम्म पनि भएको देखिएन। जसका कारण हाम्रो शान्ति प्रक्रिया पनि अधुरै रहने हो कि भन्ने शङ्कालाई मलजल पुगेको छ।

पीडितको सङ्ख्या तथा विवरणमा भिन्नता

२०५२ फागुन १ गते सुरु भई २०६३ मङ्सिर ५ गतेसम्म जारी सशस्त्र द्वन्द्वका क्रममा १३ हजार २ सय ४८ जनाको मृत्यु र ९ सय ३२ जना बेपत्ता भएको इन्सेकको अभिलेख छ। पीडितको थातथलोमा गएर सङ्लन गरिएको यो तथ्याङ्कलाई आधिकारिक मान्न सकिने प्रशस्त आधारहरू छन्। शान्तिप्रक्रिया आरम्भ भएको १३ वर्ष पूरा भइसक्दा पनि त्यसक्रममा भएका मानवीय क्षतिहरूको बारेमा व्यवस्थित र आधिकारिक दस्तावेजहरू उपलब्ध छैनन्। त्यस क्रममा कति जना नेपालीले, कुन ठाउँमा, कसरी, के कारणले ज्यान गुमाउनु पऱ्यो, त्यसको छानबिन पनि हुन सकेको छैन। तत्कालीन विद्रोही नेकपा माओवादी स्वयम्ले आफ्ना मारिएका लडाकु कुन ठाउँमा कहिले कसरी मारिए त्यसको पूर्ण विवरण प्रकाशमा ल्याएको छैन। आफ्ना संयन्त्रमार्फत अद्यावधिक गरेको मारिएका मानिसहरूको सूची तलमाथि हुन सक्ने सरकारले बताएको थियो। तत्कालीन अवस्थामा स्थानीय प्रशासनले अभिलेख राख्ने कार्य व्यवस्थित रूपमा गर्न नसकेकाले पीडितपक्षलाई न्याय प्रदान गर्ने भरपर्दो आधारको समेत अभाव महसुस भयो। यसबाहेक घाइते तथा अङ्गभङ्ग भएका, बिस्थापित भएका, घरजग्गा कब्जा गरिएका तथा द्वन्द्वका कारण विविध प्रकारबाट प्रभावित र सानातिना हानि/क्षतिमा परेकाको अवस्थाबारे आधिकारिक तथ्याङ्क अझै सार्वजनिक रूपमा उपलब्ध छैन। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्ने आयोगहरूमा दर्ता भएका उजुरीका आधारमा भन्ने हो भने सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६२ हजार र बेपत्ता आयोगमा २ हजार ७ सय भन्दा बढी उजुरी परेको तथ्याङ्कले यसको फरक अवस्थासमेत सङ्केत गरेको छ। विस्तृत शान्ति सम्झौताको बुँदा ५.२.३ मा बेपत्ता पारिएका र युद्धका समयमा मारिएकाहरूको वास्तविक नाम थर र ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् भनी उल्लेख छ। तर, यो विषय समयक्रमसँगै सरोकारवालाको स्मृतिबाट हरायो।

शान्ति सम्झौता र बिस्मरणमा परेका प्रावधान

संसदीय मूल्य/मान्यतामा रहेका सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६२ मङ्सिर ७ गते सम्पन्न १२ बुँदे सम्झौताले नेपालको शान्ति प्रक्रियाको बाटोलाई औपचारिक रूपमा खोलिदिएको थियो। विस्तृत शान्ति सम्झौताले द्वन्द्वरत समाजलाई शान्तितर्फ डोहोऱ्याइ नागरिकलाई राष्ट्रको मालिक बनाउने दस्तावेजका रूपमा रहेको अन्तरिम संविधान २०६३ को आधारभूमि तयार पारेको मानिन्छ। यसको अर्को महत्त्वपूर्ण पक्ष भनेको उक्त शान्ति सम्झौताले नेकपा माओवादीलाई राज्य सञ्चालन प्रक्रियामा सहभागिताको ढोकासमेत खोलेको थियो।

विस्तृत शान्ति सम्झौताले राज्य सञ्चालनका लागि परिवर्तित रूपरेखा कोरेको भए पनि यो दस्तावेजको एक महत्त्वपूर्ण प्रावधानमध्येको बुँदा नम्बर ५.२.५ मा द्वन्द्वरत दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूबारे सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता भएका व्यक्तिहरूको अवस्था छानबिन गर्ने आयोग गठन गर्न सहमत छन् भनी उल्लेख गरिएको थियो। तर ती आयोग गठन हुन नै नौ वर्ष कुर्नुपऱ्यो।

सङ्क्रमणकालीन न्याय निरूपणका कठिनाइ

शान्ति सम्झौताको महत्त्वपूर्ण अङ्गका रूपमा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई लिइएको थियो। जसलाई तत्कालीन समाज तथा द्वन्द्वविज्ञहरूले पनि उपयुक्त माध्यमका रूपमा व्याख्या गरेका थिए। त्यसैले यी आयोगहरूले मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूलाई कानुनी दायरामा ल्याउने तथा द्वन्द्वपीडितहरू न्याय तथा परिपूरण प्राप्त गर्ने आशा थियो। सशस्त्र द्वन्द्वको बेला द्वन्द्वरत राज्यपक्ष र विद्रोहीपक्षले मानवीय कानुनको उल्लङ्घन गरेका तथ्यहरू त्यतिखेर पनि प्रकाशमा नआएका होइनन्। अन्तर्राष्ट्रिय मानवीय कानुनले सशस्त्र द्वन्द्वलाई यसको प्रकृतिको आधारमा अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व र गैरअन्तर्राष्ट्रिय वा आन्तरिक सशस्त्र द्वन्द्व भनी दुई भागमा विभाजित गरेको छ। यससँग सम्बन्धित कानुनहरू पनि सोही अनुरूप नै

फरकफरक रहेका छन्। अन्तर्राष्ट्रिय मानवीय कानुनको केन्द्रीय सरोकार युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको संरक्षण गर्नु हो । जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ ले युद्धका पक्षहरूको दायित्व श्रृजना गरेको छ र यो व्यवस्था गैरराज्यपक्षको हकमा समेत लागु हुन्छ । यस प्रावधानअन्तर्गत द्वन्द्वरत पक्षलाई युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको हत्या गर्न, बेपत्ता पार्न, कुटपिट वा यातना दिई शारीरिक क्षति पुऱ्याउन, दुर्व्यवहार गर्न प्रतिबन्ध लगाएको छ । नेपाले जेनेभा महासन्धिको पक्षराष्ट्र भएको नाताले उल्लिखित प्रावधानहरूको पालना गर्नु नेपालको सन्धिजनित दायित्व हो भन्ने स्वीकार गर्दै माओवादी नेतृत्वले सन् २००३ मै अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने वचन दिएको थियो।

सशस्त्र द्वन्द्वका क्रममा मारिनेहरूमध्ये अधिकांश गैरसैनिक र युद्धसँग असम्बन्धित नागरिकहरू छन् । कालीकोटको कोटबाडाको विमानस्थल बनाउन गएका मजदुरहरूको सेनाले गरेको हत्या र युद्धविराम भएको समयमा रामेछापको दोरम्बाको एक घरमा बैठक गरिरहेका माओवादीलाई नियन्त्रणमा लिएर गरिएको हत्या अनि माओवादीहरूद्वारा दैलेखको नौमुलेमा, दैलेखका पत्रकार डेकेन्द्र थापा, रुकुमका कानुन व्यवसायी तथा नेकपा एमालेका नेता यदु गौतम, लमजुङका र ओखलढुङ्गाका शिक्षकद्वय मुक्तिनाथ अधिकारी र गुरुप्रसाद लुँइटेललगायतको हत्या यसका उदाहरणहरू हुन् । उल्लिखित प्रकृतिका गैरन्यायिक हत्याको निष्पक्ष छानबिन गरी दोषीहरूलाई कानुनको दायरामा ल्याउनैपर्ने राज्यको दायित्व पूरा भएको अवस्था छैन। सेना वा प्रहरीले गरेका गैरन्यायिक हत्यामा अनुसन्धान र कारबाही गरेको केही मात्र उदाहारण छन् । सशस्त्र विद्रोहका क्रममा माओवादीले गरेका हत्याहरूको सन्दर्भमा भने केही मुद्दाहरू अदालतमा दर्ता गरिएको भए पनि शान्ति समझौतापछि गठन भएका सबै सरकारले त्यस्ता मुद्दाहरू फिर्ता लिने निर्णय गरेबाट सरकार उक्त दायित्व पूरा गर्ने मनसायमा देखिँदैन । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले गैरन्यायिक हत्याको तत्काल निष्पक्ष र प्रभावकारी ढङ्गले अनुसन्धान गरी दोषीहरूलाई कानुनको दायरामा ल्याउने दायित्त्व सम्बन्धित सदस्य राष्ट्रलाई तोकेको छ।

मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजागर गर्दै त्यसमा संलग्न दोषीहरूलाई कारबाही गरिनु सङ्क्रमणकालीन न्याय व्यवस्थाको प्रमुख कार्य एवम् माग हो। तर, यसतर्फ सरकार अझै पनि संवेदनशील हुन सकेको छैन । दलहरूले राजनीतिक परिवर्तनप्रति खतरा उत्पन्न हुनसक्ने भय देखाउँदै दोषीहरूलाई उन्मुक्ति दिने प्रयास गरेको हो कि भन्ने आशङ्का बढेको छ । राहत वा क्षतिपूर्ति वितरण गरेर मात्रै पीडितहरूले न्याय नपाउने हुँदा आफ्नो प्रियजनहरूको के कारणले हत्या भयो ? किन उनीहरूलाई बेपत्ता पारियो ? वा किन उनीहरूलाई घाइते तुल्याइयो ? लगायतका विषयमा यथार्थ जान्न पाउनु पीडितपक्षको अधिकार हो।

तर, विगत १३ वर्षदेखि उठेको यो सवालले अझैसम्म विश्वासयोग्य प्रकारबाट मूर्त रूप लिन सकेको अवस्था छैन । सशस्त्र द्वन्द्वोत्तर समाजमा अनिवार्यतः सम्पन्न गरिनुपर्ने कैयन् काम अझै पनि हुन सकेका छैनन् । द्वन्द्वकालमा भएका जघन्य अपराधमा संलग्न दोषी पत्ता लगाउने, तिनलाई कानुनको दायरामा ल्याउने तथा अन्य परिपूरणको व्यवस्था गरी समाजमा शान्ति स्थापना गर्ने काममा हालसम्म पनि आशालाग्दो प्रगति हुन सकेन।

द्वन्द्वरत पक्षसँग कुनै सरोकार नभएका तथा द्वन्द्वको मारमा परेका कैयौँ मानिस बेसहारा तथा अपाङ्गताको अवस्थामा बाँच्न बाध्य भए। यसबीचमा उनीहरूको अवस्था सुधार गर्न तथा त्यस्ता व्यक्तिहरूको समस्यालाई नगन्यरूपमा मात्र सम्बोधन गरिएको छ। विस्तृत शान्ति सम्झौतापश्चात भएका अनेकन सहमति र सम्झौताले उक्त समयमा भएका बेपत्ता तथा अपहरणमा पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरिने प्रतिबद्धता व्यक्त भएको भए पनि उक्त विषयलाई पनि कुनै टुङ्गोमा पुऱ्याएको देखिएन । यो अवस्थाले पीडितलाई थकित तुल्याएर द्वन्द्वकालका सबै अपराध ओझेल पार्न खोजिएको त हैन भन्ने शङ्कालाई मलजल गरिरहेको भान हुन्छ। दण्डहीनताको यथास्थितिले तत्कालका लागि केही व्यक्ति तथा समूहलाई कानुनी तथा राजनीतिक शीतलता प्रदान गरेको भए पनि अन्त्यमा त्यसले जन्माउन सक्ने प्रतिहिंसा वा विषयको अन्तर्राष्ट्रियकरणबाट हुने क्षतिको प्रबल संभावनालाई नकार्न सकिँदैन । जुन करा द्वन्द्वरत पक्षधरलाई मात्रै होइन, समग्र मुलुकका लागि समेत प्रत्युत्पादक हुने निश्चित छ। तर पनि यस विषयमा

बाल अधिकार





नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार ४४ दशमलब ४ प्रतिशत १८ वर्षमुनीका बालबालिका छन्। बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ। शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन्। सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाह्रो हुन्छ। जन्मँदै हत्या गर्ने, बेचबिखन तथा ओसारपसार, बालश्रम जस्ता घटना त अझै कति समाजमै लुकाइएको होला। तर हाम्रो अभिलेखमा आएका यस्ता घटनामा १ हजार ४ सय ४७ जना पीडित भए। त्यसमध्ये सबैभन्दा बढी ८ सय ८४ जना बालिका बलात्कारका घटनाबाट पीडित भए। बलात्कार तथा यौन दुर्व्यवहारका घटनाबाट पीडित बालिकाका आरोपित पनि अधिकांश बालक रहेको पाइयो। बलात्कार तथा यौन दुर्व्यवहारजस्ता संवेदनशील धेरै घटना अदालतमा विचाराधीन हुनुले न्यायिक निकायले न्याय निरूपणमा तदारुकता देखाउनु पर्ने आवश्यकता देखिन्छ।

जिम्मेवार निकायहरूबाट गम्भीरपूर्वक समाधानका प्रयास भएका देखिएको छैन।

उजुरी सङ्कलनमा चार वर्ष बिताएका आयोगहरू

शान्ति सम्झौता भएको नौ वर्षपछि सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई अलग अलगरूपमा गठन गऱ्यो । यी आयोगले उजुरी सङ्कलन गर्ने तथा यसको प्रचारप्रसार गर्नेलगायतका काम भन्दा अगाडि जान सकेनन् । सरकारबाट दुवै आयोगको कार्य अवधि समय समयमा बढाइएको भए पनि उक्त दुवै आयोगले पाएको जिम्मेवारी सम्पन्न गर्न असमर्थ भई विघटन भए। विगतमा गठन भएका दुवै आयोगमा पदाधिकारीबीच भएको आन्तरिक किचलो, दलगत स्वार्थ, विषयवस्तु, सिप तथा क्षमतामा अभाव भई कार्यमा अकर्मण्यताको अवस्था, ऐन/कानुनमा भएका कमजोरी, यस विषयलाई टुङ्गोमा पुऱ्याउन सक्ने इच्छाशक्ति अभावलगायतका कारणले ती आयोगका काम प्रभावकारी हुन नसकेको भनियो । यद्यपि दुवै आयोगका पदाधिकारीले सरकारबाट पर्याप्त सहयोग नपाएको, कानुन संशोधन गरी अधिकार सम्पन्न नबनाएको, आर्थिक तथा मानवीय स्रोतहरूमा सीमितमात्र सहयोग भएकाले तोकेका कार्य सम्पन्न गर्न नसकेको सार्वजनिकरूपमा बताए। जुन कुरा यस सम्बन्धमा गम्भीर पनि छ । यसबीचमा राज्य कोषबाट विनियोजित बजेट शान्ति प्रक्रियाका नाममा एकातिर 'खर्च' भइरह्यो भने अर्कोतिर राज्यले यसको व्यवस्थापनमा देखाएको कमजोरीले पीडितहरूमा राज्यप्रति अविश्वास भई लामो समय बिनाउपलब्धि त्यसै खेर गएको पनि देखियो। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले केही घटनाको अनुसन्धान गरी निष्कर्षमा पुग्न लागेको तथा सत्य निरूपण तथा मेलमिलाप आयोगले देशका विभिन्न जिल्लामा अन्तरकृया कार्यक्रमहरू गर्नुका साथै सातै प्रदेशमा सम्पर्क कार्यालय स्थापना गरी उजुरीउपर अनुसन्धान सुरु गरिएको बताएका थिए।

आयोगमा नयाँ पदाधिकारी र कार्यभार

सरकारले रिक्त रहेका दुवै आयोगलाई पुनः गठन गरी पूर्णता दिने उद्देश्यले त्यसमा पदाधिकारीहरूको नाम सिफारिस गर्न भनी २०७५ चैतमा पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा एक समिति गठन गऱ्यो । म्याद नतोकी गठन गरिएको सिफारिस समितिले कार्यविधि तयार पारी आयोग पदाधिकारीका लागि निवेदन माग गऱ्यो । तर, सरकारको यस प्रक्रियाप्रति द्वन्द्वपीडित, मानव अधिकारकर्मी तथा अन्तर्राष्ट्रिय समुदाय सकारात्मक भएनन् । सत्य निरूपण तथा मेलमिलाप ऐनमा रहेको क्षमामुखी प्रावधान नसच्याउञ्जेल पीडितले न्याय पाउने सम्भावना कमै हुने उनीहरूको दाबी रह्यो जुन विषयमा भरोसायोग्य समाधान खोज्न सरकार असफल रह्यो । सरोकारवालाहरूको विभिन्न दबाबका बीच सरकारले माघ महिनामा[१] दुवै आयोगमा दोस्रो पटक नयाँ पदाधिकारी चयन गरी त्यसको पनि एक वर्षको अवधि थप गरेको छ । तापनि यी दुवै आयोगका पदाधिकारी चयन गर्नुअघि सर्वोच्च अदालतको परमादेश, संयुक्त राष्ट्रसङ्घ, मानव अधिकार उच्चायुक्तको कार्यालयको सरोकार, पीडित तथा मानव अधिकार संस्थाले दिएका सुझावका आधारमा आयोग ऐन संशोधन नगरी पदाधिकारीको चयन गरिनुले सरकार फेरि पनि यस विषयलाई वास्तविकरूपमा समाधान गर्न चाहान्छ भन्ने विषयमा सरोकारवालाहरू ढुक्क हुने अवस्थामा देखिएनन्।

आयोग ऐनलाई पीडितमुखी बनाउन सर्वोच्च अदालतले विभिन्न फैसलामार्फत स्पष्टरूपमा दिशा निर्देश गरेको, संयुक्त राष्ट्र सङ्घलगायत नेपालका कूटनीतिक नियोगहरूले पटकपटक यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गरेका, द्वन्द्वपीडित तथा मानव अधिकार संस्थाहरूले पनि पटक पटक सङ्क्रमणकालीन न्यायलाई कानुनी तथा तार्किक निष्कर्षमा पुऱ्याउन यससम्बन्धी कानुन संशोधन गरी पीडितहरूको सहभागितामा आयोगहरू बनाउन गरेका आग्रहहरू दोस्रोपटक आयोग गठन गरिएको अवस्थामा पनि सम्बोधन गरिएन । यो विषयलाई सरकार तथा राजनीतिक दलहरूले गम्भीरतापूर्वक नलिइ सामान्य रूपमा मात्र लिएको देखियो । जुन विस्तृत शान्ति सम्झौताको लोकतान्त्रिक मूल्य र सामाजिक न्याय स्थापनाका लागि सङ्घर्ष गर्ने आमचेतनाको बर्खिलाप हो । सरकार तथा संवद्ध राजनीतिक नेतृत्वको कमजोर जवाफदेहिताले

१. नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० मा सन् २०१९ का घटनाक्रममात्रै समेटिने भए पनि यो परिच्छेदको सान्दर्भिकताका लागि सन् २०१९ का एक दुई घटनाक्रम पनि राखिएको छ।

नेपालको संक्रमणकालीन न्यायकासम्बन्धमा सर्वोच्च अदालतले स्पष्ट आदेश तथा फैसलाहरू गरेको छ। यससन्दर्भमा सर्वोच्च अदालतले २०७० पुस १८ गतेको परमादेशलाई संक्रमणकालीन न्यायका सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ। बेपत्ता भएका व्यक्ति छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग अध्यादेश २०६९ नेपालको अन्तरिम संविधान, २०६३ को घारा १२ (१), १३(१) र २४(९) समेतको प्रतिकूल रहेको भनी द्वन्द्वपीडित तथा कानुन व्यवसायीले सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए। सो सम्बन्धमा जारी परामादेशमा तपसीलका विषय उल्लेख थिए।

- बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको छानबिन गर्न छुट्टै आयोग गठन गर्नुपर्ने,
- पीडितको सहमतिमा मात्र माफी दिइने गरी अध्यादेश परिमार्जन र संशोधन गर्नुपर्ने,
- आमनरसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध, जबर्जस्ती बेपत्ता, यातना, गैरन्यायिक हत्या तथा बलात्कार लगायतका यौन हिंसाजस्ता गम्भीर प्रकृतिका अपराधहरूलाई दण्डनीय बनाउने कानुन निर्माण गर्नुपर्ने
- गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा मुद्दा चलाउनका लागि राखिएको ३५ दिने हदम्याद पुनरावलोकन गर्नुपर्ने,
- पीडित एवम् पीडितको परिवारलाइ यथेष्ठ आर्थिक, कानूनी एवं संस्थागत व्यवस्थासहित परिपूरणको व्यवस्था र मेलमिलापको भावना प्रवर्धनका लागि कानुनी व्यवस्था गर्नुपर्ने,
- द्वन्द्वपीडित वा पीडितको संस्था, द्वन्द्व विशेषज्ञ, मानवअधिकार कानुन विशेषज्ञ एवं सरोकारवालाहरू सम्मिलित विशेषज्ञ टोलीको परामर्शमा क्षमादानका मापदण्डहरू कानुनमा नै किटान गर्नुपर्ने,
- द्वन्द्वकालमा सशस्त्र विद्रोहको पक्षमा एवम् विद्रोहको दमन गर्ने कार्यमा संलग्न नरहेको तथा मानव अधिकार उल्लंघनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित गरी अन्तर्राष्ट्रिय मापदण्डको स्वच्छ, निष्पक्ष, विश्वसनीय आयोग गठन गर्नुपर्ने।

यस प्रकृयाप्रति पीडितको भरोसा गुम्दै गएको तथा अन्तर्राष्ट्रिय जगतको विश्वास घट्दै गएको देखिन्छ ।

न्याय प्राप्तिका सन्दर्भमा पीडितहरूको फरक धारणा आउनु, राजनीतिक दलको संरचनामा आएको बदलावले पीडित पक्षको आवाज कमजोर भएको आभास भयो। द्वन्द्वरत पक्ष हाल बलियोसँग सरकारमा सामेल भएको छ । यस्तो अवस्थामा सङ्क्रमणकालीन न्यायलाई अगाडि बढाइ मानव अधिकार उल्लङ्घनको आरोप लागेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने विषय प्राथमिकतामा नपर्ने हो कि भन्ने शङ्का द्वन्द्वपीडितले मात्र हैन कि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सङ्घ/संस्था तथा अधिकार कर्मीलगायतले व्यक्त गरे। यस्तो शंका निवारणका लागि सरकारी धारणा आएनन्।

सहमति आदेश कार्यान्वयनमा उदासीनता

सर्वोच्च अदालतको परमादेश, पीडित समुदाय तथा अन्य सरोकारवाला निकायको सुझावलाई नजरअन्दाज गरी गठन गरिएको वर्तमान आयोगले पनि अघिल्लो आयोगको कार्यकालमा सङ्कलन तथा दायर भएका निवेदन तथा उजुरीहरूउपर कारबाही गर्नसक्ने कुराको सुनिश्चितता सरकारी निकायबाट सार्वजनिक भएको छैन। जसले गर्दा यस विषयलाई कानुनी तथा तार्किक निष्कर्ष सम्पन्न गर्न सरकार सचेत नभएको आरोप लाग्न थालिसकेको छ। अदालतले पटकपटक दिएको आदेश र अन्तर्राष्ट्रिय अभ्यासलाई स्वीकार गर्ने काममा आलटाल गर्दा सङ्क्रमणकालीन न्याय निरूपणका काम थप पेचिलो बन्न सक्छ।

विस्तृत शान्ति सम्झौता भएदेखि नै सङ्क्रमणकालीन न्यायलाई सङ्कुचित तवरले हेर्ने अनि पीडित पक्षलाई उपलब्ध गराइएको आर्थिक सहयोगलाई नै न्याय र परिपूरणको पर्यायका रूपमा व्याख्या गरिँदै आएको सरकारी धारणा देखियो । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न दोषीलाई कानुनी कारबाही, परिपूरण तथा पीडित परिवारको भविष्य र जीवनयापनका आधार स्थापना गर्नेतर्फ भने सरकारले सकारात्मकरूपमा सोचेको देखिएन। यी विषयलाई दबाब र भारका रूपमा मात्र सम्बोधन गर्ने प्रवृत्ति सरकारमा देखियो। यस विषयलाई सरकारले राष्ट्रिय मानव अधिकार कार्ययोजनामा नीतिगतरूपमा प्रवेश गराए पनि ती योजना तर्जुमा

गिरफ्तार





यस वर्ष गिरफ्तारीका घटनामा ७ सय २ जना पीडित भएको अभिलेख भयो। जसमध्ये महिलाको सङ्ख्या ४७ थियो। गिरफ्तार गरिएका व्यक्तिलाई पक्राउ पुर्जी नदिइनेजस्ता घटना अभिलेखमा छन्। गिरफ्तारी शीर्षकअन्तर्गत भेला तथा सङ्गठित हुने अधिकार हनन् भएका घटना अभिलेख छन्। गिरफ्तारी, पुनः गिरफ्तारी तथा गिरफ्तार गरिएका व्यक्तिलाई पुर्जी नदिइने तथा आफन्तलाई भेट्न नदिने जस्ता घटनाका पीडितको सङ्ख्या यस शीर्षकअन्तर्गत अभिलेख गरिएका छन्। गिरफ्तारीको कारण स्पष्ट गर्नुपर्ने कानुनका बाबजुद यसप्रकार घटनाका पीडितलाई सो अनुसारको व्यवहार नगरिएको घटना अभिलेख भए।

सन् २०१९ मा घटना अनुसार पीडित सङ्ख्या

घटनाका आधारमा

	राज्य पक्ष			अन्य पक्ष			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	कूल जम्मा
अपहरण				२८	१६	४४	४४
गिरफ्तार	४७	६५५	७०२				७०२
कुटपिट	७	३५	४२	४५	१९२	२३७	२७९
बालअधिकार				१३६२	८५	१४४७	१४४७
हिरासतमा मृत्यु		५	५				५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				२	३	५	५
अमानवीय व्यवहार		१	१	४	३५	३९	४०
घाइते	१	३८	३९	२३	१०१	१२४	१६३
हत्या		७	७	१९९	१५२	३५१	३५८
जातीय विभेद		१	१	२४	३७	६१	६२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	२	९५	९७		१	१	९८
धम्की		२	२	७	२६	३३	३५
यातना	७	६	१३				१३
महिला अधिकार	४		४	३३६०		३३६०	३३६४
जेलमा मृत्यु		१७	१७				१७
विस्थापन				३	५	८	८
बेपत्ता				१	१	२	२
कूल जम्मा	६८	८६२	९३०	५०५८	६५४	५७१२	६६४२

गरिँदा तथा कार्यान्वयनमा सरोकारवालाको सहभागिता तथा सुझावलाई महत्व नदिइएको अवस्थाले सरकारी रवैयाप्रतिको शङ्कालाई मलजल गरेको देखियो।

सङ्क्रमणकालीन न्यायको मूल उद्देश्य नै दिगो शान्ति स्थापनाको आधार हो भन्ने स्थापित मान्यतालाई तत्कालीन अवस्थाको द्वन्द्वरत दुवै पक्षबाट नजरअन्दाज गरिएका कैयौँ दृष्टान्त पाइएको छ। जसको मूल कारण द्वन्द्वरतपक्ष शक्तिशाली हुनु र राज्यको महत्त्वपूर्ण भूमिकामा रहनु पनि हो । हाल तत्कालीन सेना र माओवादी दुवै राज्य भएपश्चात पीडितको संवेदनामा कुठाराघात भएको देखियो। यसको फाइदा तत्कालीन नेकपा माओवादीबाट फुटेको समूहले लिनसक्नेतर्फ सचेत भएको पाइएन । तत्कालीन नेकपा माओवादीका अध्यक्ष प्रचण्डले आफ्नो दलले तत्कालीन अवस्थामा मारिएका १७ हजारमध्ये ५ हजार को जिम्मा एक्लै लिने भनी माघ १ गते[१] टुँडिखेलमा आयोजित कार्यक्रममा सार्वजनिकरूपमा व्यक्त गरेको विचार र बाँकी १२ हजारको सम्बन्धमा सुरक्षाकर्मी तथा त्यसबेलाका सरकारी अन्य पदाधिकारीसमेत विवादित हुने डरले पनि यो विषय हल गर्नमा सबै ठूला दल अनिच्छुक देखिएको हुनसक्ने आँकलन गर्न सकिन्छ ।

उदाहरणीय बन्न सिक्नै पर्ने पाठ

सशस्त्र द्वन्द्व भएका अन्य देशमा पनि द्वन्द्वउप्रान्त सङ्क्रमणकालीन अवस्थामा सत्य निरूपण तथा मेलमिलापलगायत अन्य प्रकृतिका आयोग तथा निकायहरू गठन र त्यस्ता आयोगहरूबाट मानव अधिकार उल्लङ्घनका घटनालाई जनतासमक्ष उजागर गरी आरोपितलाई कानुनी दायरामा ल्याइएका उदाहरण प्रशस्तै छन्। यस्ता आयोगले जघन्य अपराधमा संलग्न दोषीउपर कारबाहीका साथै मेलमिलापका प्रक्रिया अगाडि बढाएको पनि देखिएको छ। यस विषयलाई गम्भीरपूर्वतक नलिइनुले हाम्रो देशमा शान्ति स्थापनार्थ भएका प्रयासहरू बिस्तारै ओझेलमा पर्न थालेको आभाष हुँदै गइरहेको छ। अन्य मुलुकमा निरूपण गरिएका विधि र अभ्यासको अनुभवलाई नेपाली मोडलमा निष्कर्षमा पुऱ्याउँदा मात्रै नेपाल विश्वका लागि उदाहरण बन्न सक्छ । यो विषयले राष्ट्रिय राजनीतिलाई ध्रुवीकृत गर्ने सम्भावना देखिँदैछ । अर्कोतिर नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धतामा तुषारापात हुने र आरोपितहरूले अन्तर्राष्ट्रिय निकायहरूको अनुसन्धानमा सामेल हुनुपर्ने अवस्था आउनसक्ने खतरा पनि हुन्छ। यो विषयलाई राजनीतिक सहमतिका आधारमा मात्र होइन द्वन्द्वपीडित, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाको विश्वासमा लिएर समाधान गर्नु आजको कार्यभार बनिसकेको कुरा बिर्सनु हुँदैन।

अबको बाटो

गम्भीर अपराध तथा जघन्य मानव अधिकार उल्लङ्घनका घटनालाई उचित, विधिसम्मत् तथा न्यायको सिद्धान्तका आधारमा सम्बोधन गर्ने प्रक्रियालाई सङ्क्रमणकालीन न्याय भनिन्छ । विगतमा भएका कमजोरी वा गल्तीको स्वीकारोक्ति, पीडकलाई उचित प्रक्रियाका आधारमा अभियोजन, पीडितलाई सम्मानजनक ढङ्गले क्षतिपूर्ति तथा परिपूरण र आवश्यकताअनुसार पीडितको आत्मसम्मानमा चोट नपुग्ने गरी उनीहरूको सहमतिमा क्षमादान प्रक्रियालाई सङ्क्रमणकालीन न्यायले समेट्ने गर्छ। यसकारण द्वन्द्वउप्रान्त समाजमा पीडितहरूका पीडालाई उचित प्रक्रियामार्फत सम्बोधन गरेर न्यायपूर्ण समाजको निर्माण र दिगो शान्तिको स्थापनाका लागि मेलमिलाप, क्षतिपूर्ति तथा न्याय प्रबर्द्धन गर्ने कार्यलाई सङ्क्रमणकालीन न्यायको दायरामा राख्न सकिन्छ।

नेपालको द्वन्द्वलाई गिजल्याइरहने र यसको ताप र रापबाट मजा लिइरहन चाहाने समुदायका बारेमा द्वन्द्वपीडितहरू बेखबर छन् । बेपत्ता पारिएका, अङ्गभङ्ग भएका, यौन हिंसा तथा यातनाका कारण प्रताडित ठूलो समूह नेपालको शान्ति प्रकृयाको मूलप्रवाहमा छैन जुन दुःखद् विषय हो । शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन राजनीतिक प्रतिबद्धता र घोषणा मात्रै काफी हुँदैनन् । विगतको अपराधका लागि पीडकको आत्मस्वीकृति वा आत्मालोचना, न्यायप्रति पीडितको भरोसा, आत्मसम्मान वा क्षमादानजस्ता विषय पनि प्राथमिकतामा राखिनु पर्छ। जसको अपनत्व पीडितले महसुस गर्न सकुन् । हालसम्म भइआएको उजुरी सङ्कलन वा अभिलेखको उचित मूल्याङ्कन, उजुरी दिने क्रममा त्रासका कारण कुनै अप्ठ्यारो भएको भए

१. नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० मा सन् २०१९ का घटनाक्रममात्रै समेटिने भए पनि यो परिच्छेदको सान्दर्भिकताका लागि सन् २०१९ का एक दुई घटनाक्रम पनि राखिएको छ।

त्यसको निराकरण तथा सूचनाका लागि पीडितलाई आह्वान गर्न सकिन्छ।

प्रचलित फौजदारी न्यायका आँखाले सङ्क्रमणकालीन न्यायको विषय टुङ्याउन खोजियो भने त्यसले समाधानको बाटो पहिल्याउँदैन। सङ्क्रमणकालीन न्याय परम्परागत रूपमा सञ्चालित फौजदारी न्यायप्रणाली वा दण्डप्रधान न्यायप्रणालीको माध्यमबाट सम्बोधन हुननसक्ने विभिन्न अवस्था तथा कारण हुने गर्दछन्। यस्ता प्रकृतिको अवस्था तथा घटनाको सम्बोधन गर्न परम्परागत फौजदारी न्यायप्रणाली भित्रबाट एक आधुनिक तथा व्यवहारिक न्यायप्रणालीको रूपमा पुर्नस्थापकीय न्यायप्रणालीको विकास गरिएको हुन्छ। पुनस्थापकीय न्यायप्रणाली जसलाई कुनै अर्थमा सङ्क्रमणकालीन न्यायप्रणालीका रूपमा पनि बुझिन्छ, जसले हिंसा तथा द्वन्द्वलाई व्यक्तिगत रिसइवी, आवेश वा अन्य व्यक्तिलक्षित अपराध तथा घटनाकारूपमामात्र नलिइ समाज तथा राज्य विरुद्धको घटनाका रूपमा समाज तथा राज्यबाट नै यसको सम्बोधन गरिनु पर्छ भन्ने यसको मान्यता हो। यो राजनीतिक सुझवुझसहित समाज तथा राष्ट्रका विविध विषयका विज्ञद्वारा योजनाबद्ध रूपमा सम्बोधन गरिनुपर्ने विषय पनि हो।

यसलाई प्रहरी, अदालत, न्यायाधीश तथा कानुन व्यवसायीहरूको कार्यक्षेत्रका रूपमा सम्बोधन गर्ने प्रयास गरियो भने जुनकारणबाट हिंसा तथा द्वन्द्व भएका छन् वा हुने छन् त्यसको एकातिर स्थायी समाधान हुँदैन भने अर्कोतिर पीडितले पनि परिपूरणसहितको न्याय पाउने अवस्था विद्यमान रहँदैन। यसमा आरोपित पीडक जो व्यक्तिगत हितका लागि हिंसा तथा द्वन्द्वमा सामेल भएका हुँदैनन् भन्ने मान्यता राखिन्छ उनीहरू प्रति पनि न्याय नहुने अवस्था समेत विद्यमान हुन्छ। त्यसैले सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न पुर्नस्थापकीय न्यायको अवलम्बन गर्ने प्रचलन रहेको पाइन्छ। जसले केही हदसम्म फौजदारी न्यायका तत्त्वलाई पनि समावेश गरे पनि मूलरूपमा पीडित, पीडक तथा समुदाय तथा राष्ट्रको आवश्यकतालाई सन्तुलित रूपमा निरूपण गर्न सक्छ भन्ने मान्यताको विकास भएको हो।

आयोगहरूको आगामी कार्यदिशा

एक वर्षको म्याद भएका आयोगहरूको जिम्मवारी पनि धेरै छ, जसका बारेमा सरकार, राजनीतिक दल र पदाधिकारी जानकार नै छन्। यी संयन्त्रहरूले आफ्नो आगामी कार्यभार पीडितलाई केन्द्रमा राखेर पूरा गर्नुपर्छ। माथिल्लो तहमा भएको छलफल, बहस, वादविवादका बारेमा पीडित के भन्छन् जो यो समग्र प्रक्रियाका बारेमा बेखबर जस्तै छन्। त्यसविषयमा उनीहरूको धारणा र विचार बुझ्ने काम यी संयन्त्रहरूले गर्नुपर्छ । पीडितले न्यायको सुनिश्चितताका साथै भविष्यमा विगतको जस्तो अपराध नहोस् र कोही पनि अपराधपीडित नहुन् भन्ने कुराको सुनिश्चितता चाहान्छ। यसतर्फ सङ्क्रमणकालीन न्यायिक संयन्त्रले ध्यान दिनुपर्छ।

संसारका अन्य देशहरूमा पीडितको नाममा सङ्ग्रहालय, उद्यान, बाटोघाटोको नामाकरण, शालिक, गेट आदि निर्माण गरेर द्वन्द्वपीडितलाई सम्झने गरिएका उदाहरण पनि छन्। यस्ता विषयमा पनि आयोगले तल्लो तहसम्म छलफल गर्न सक्छन्।

सङ्क्रमणकालीन आयोगहरूमा आएका उजुरी र तिनमा कारबाहीको सिफारिस गर्ने काममात्रै गर्न सक्ने कानुनी विद्यमानता भएकाले यिनीहरूलाई सहयोग पुग्ने गरी विशेष अदालती प्रबन्ध गर्न ढिलाइ गर्नु हुँदैन। अदालतले आवश्यकताअनुसार पीडकलाई सजाय सुनाउँछ। यस्तो सजाय वा कैद साङ्केतिक पनि हुन सक्छ। मानौँ कुनै अपराधमा संलग्न आरोपित एकभन्दा बढी सङ्ख्यामा छन् उनीहरूलाई अदालतले जेलको सजाय सुनायो। यस्तो अवस्थामा आरोपित वा पीडक सामूहिक जेल बस्न सक्छन्, जुन खुला पनि हुन सक्छ। अपराधपीडितले कारण थाहा पाउने अवस्थामा क्षमादानको विषयले प्राथमिकता पनि पाउन सक्छ, तर यसमा हामीले बुझ्नुपर्ने कुरा के हो भने पीडितको सहमतिबेगर यी सब कुरा हुन सक्दैनन्। विगतका गल्तीका सन्दर्भमा पीडक र पीडितबीच अन्तरक्रिया, सार्वजनिक सुनुवाइ, खुला बहसले मेलमिलापको वातावरण तयार गर्छ । जुन दिगो शान्तिको मूल आधार पनि हो । पीडित, पीडकबीच मन माझामाझ गरेर निकालिने निष्कर्षले यसको टुङ्गो लगाउन सघाउँछ । बेपत्ता पारिएका व्यक्तिका परिवारजनले बेपत्ता पारिएका व्यक्तिको अवस्थाबारे जान्न पाउने अधिकार राख्छन्। हत्या गरिएका व्यक्तिका परिवार वा अङ्गभङ्ग भएका, यौनहिंसामा परेका मानिसहरूले आफूमाथि किन अपराध भयो भन्ने जानकारी पाउने अधिकार हुनुपर्छ । जसको बृहत् सुनुवाइले सङ्क्रमणकालीन न्यायिक प्रक्रियालाई सहज

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

पीडित सङ्ख्या २०१४-२०१९



पीडित सङ्ख्या, २०१९



ठ्याक्कै नदेखिने तर धेरै मानिस पीडित हुने घटना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित हुन्छन्। तर, त्यस्ता घटना तथ्याङ्कका रूपमा उतार्न कठिन छ। यस्ता अधिकारबाट पीडित हुनेको सङ्ख्या अभिलेखमा उतारिएको भन्दा पक्कै पनि बढी छ भन्ने कुरा घटनाका प्रवृत्तिबाट थाहा हुन्छ। आफ्नो सम्पत्तिमा अरूले नै कब्जा गर्ने, ज्यालाबाट वञ्चित गर्ने र जागिरबाट नै निष्काशन गरिएका पाँच जना पीडित भएको सन् २०१९ मा इन्सेकमा अभिलेख गरियो।

बनाउँछ । यसतर्फ आयोगले आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ । यसैगरी, यी आयोगहरूबाट चार वर्षको अवधिमा भए गरेका कामहरूको विवरणहरू समेटी आयोगका नवनियुक्त पदाधिकारीले एक श्वेतपत्र जारी गर्नसके कामको अवस्था र अबको कार्यभारबारे सरोकारवालालाई जानकारी हुने आशा गर्न सकिन्छ।

अन्त्यमा

सङ्क्रमणकालीन न्याय निरूपणका लागि विशेष अदालतको स्थापना राजनीतिक सहमतिका आधारमा गर्न सकिन्छ । यस्तो अदालतलाई पीडकलाई सजाय तोक्ने, सजायको स्वरूप निर्धारण गर्ने, र सजायको मात्रा तोक्ने अधिकार दिनुपर्छ। विशेष अदालत र यसको कार्यादेशका बारेमा हुने राजनीतिक सहमतिका बारेमा व्यापक छलफल र सूचनाहरू प्रवाह गरिनुपर्छ । जसले अदालत र यसको प्रकृयाबारे सही सूचना आमजनमानसमा पुऱ्याओस् । मानव अधिकारसम्बन्धमा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता, सर्वोच्च अदालतको परमादेश, विस्तृत शान्ति सम्झौताका आधारमा भन्नु पर्दा गम्भीर खालका मानव अधिकार उल्लङ्घनका घटनामा माफी मिनाह हुन सक्दैन । सवाल के कति र कस्तो भन्ने मात्रै हो । जुन कुराको निर्क्यौल पीडितको सहमतिमा न्यायिक संयन्त्रले गर्न सक्छन्। यस्तो सजाय प्रतिकात्मक पनि हुनसक्छ । पीडकको अभिलेख र उसले गरेको कार्य बारे कुनै न कुनै सूचक राखी छोड्ने काम गर्न सकिन्छ।

सशस्त्र द्वन्द्वमा पीडित भएका व्यक्तिहरूलाई सङ्क्रमणकालीन न्यायका संयन्त्रमार्फत न्याय र परिपूरण प्रदान गर्ने कुरा नेपालको विस्तृत शान्ति सम्झौताको अभिन्न अङ्ग हो । अतः द्वन्द्वपीडितहरूलाई न्याय प्रदान नगरी नेपालको शान्ति प्रकृयाले सफतला प्राप्त गर्न सक्दैन । न्यायबिनाको शान्ति कल्पना गर्न सकिने विषय पनि होइन । सङ्क्रमणकालीन न्यायको कार्यभार राजनीतिक इच्छाशक्तिको अभावमा कदापि पूरा हुन सक्दैन । कुनै पनि मुलुकले विगतका गम्भीर मानवअधिकार उल्लङ्घन वा ज्यादती र जघन्य अपराधको तीतो इतिहासलाई सम्बोधन गर्न सङ्क्रमणकालीन न्यायलाई व्यवहारमा उतार्दा विश्वका अन्य मुलुकका अनुभवबाट पर्याप्त मात्रामा ज्ञान लिन सकिन्छ । द्वन्द्वउप्रान्त समाज मौलिक हुन्छन् । अझ हाम्रो मुलुकको यथार्थ अन्य द्वन्द्वोपरान्त मुलुक भन्दा धेरै कुरामा फरक छ । सङ्क्रमणकालीन न्यायका सन्दर्भमा– फौजदारी कार्यविधि, सत्य निरूपण आयोग, परिपूरण र भेटिङलाई संयुक्त रूपमा कार्यान्वयनमा ल्याउन सकियो भने उपयोगी हुन सक्छ । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित प्रक्रियाहरू सम्पन्न गर्न लामो समय लाग्नसक्ने भएकाले यी प्रक्रियालाई राष्ट्रिय परिप्रेक्ष र आवश्यकताअनुसार आवश्यक रणनीतिहरू बनाइ लागु गर्नुपर्ने हुन्छ । यसले दिगो शान्ति तथा सुशासन कायम गर्ने अवसर अभिवृद्धि गर्ने, भविष्यमा हुनसक्ने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको रोकथाम गर्ने, सामाजिक सद्भाव तथा मेलमिलापको प्रवर्द्धन गर्ने, पीडितहरूका लागि न्यायको सुनिश्चितता गर्ने, पीडकहरूलाई उचित कानुनी प्रक्रियाको माध्यमबाट सजाय, क्षमादान वा सफाइको अवसर प्रदान गर्ने र सभ्य राष्ट्रको निर्माणका लागि आवश्यक सुशासन, कानुनी शासन, पारदर्शिता तथा जवाफदेहिताजस्ता मापदण्डहरू व्यवहारमा उतार्ने उपयुक्त वातावरण तयार हुनसक्छ।

सन् २०१९ र मानव अधिकारका सवाल

सन् २०१९ मा सप्तरी, रूपन्देही र सर्लाहीमा एक/एक जना गरी तीन जनाको प्रहरीसँग भएको कथित मुठभेडमा मृत्यु भएको घटना अभिलेख भयो । प्रतिबन्धित नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको प्रहरीको कारबाहीमा मृत्यु भयो । गस्तीमा रहेको प्रहरी टोलीलाई लक्षित गरी कुमार पौडेलको समूहले गोली चलाएको र जवाफी कारबाहीमा पौडेलको मृत्यु भएको प्रहरीले जनायो। तर तथ्य संकलनमा पुगेको इन्सेक लगायत मानव अधिकार संस्थाका टोलीले घटना प्रहरीले भनेजस्तो नभएको बरु कुमार पौडेलको हत्या प्रहरी नियन्त्रणमा भएको निष्कर्ष निकालेको थियो । सप्तरी र रुपन्देहीका घटनामा पनि प्रहरीको दावी विपरीतका तथ्यहरू बाहिर आए। घटनामा संलग्न भएकाहरूलाई कानुनी दायरमा ल्याउने प्रयत्न भएन। दण्डहीनताका कारण निम्तिएका अनेकौँ विकृतिबाट वाक्क भएका तथा अनेकौँ समस्या भोगिरहेका सर्वसाधारणले पनि 'अपराधी' लाई मारेर प्रहरीले ठीकै गऱ्यो भन्ने प्रतिक्रिया व्यक्त गर्ने गरेका पाइन्छ। जसको कुनै कानुनी आधार हुँदैन। कानुनको परिपालना गराउने प्रहरी संगठनभित्र आफूलाई प्रभावशाली देखाउन यस्ता व्यवहार हुने गरेको कतिपयले बताउने गरेका छन् । सर्लाहीकै घटनामा

भएको प्रहरी कारबाहीका बारेमा स्थानीय प्रहरी बेखबर हुनुले यस भनाइलाई पुष्टी गर्ने आधार दिन्छ।

सडक दुर्घटनाको कहालीलाग्दो यथार्थ हाम्रो दैनिकी र नियति नै बन्दै गएको छ। तर, निराकरणका व्यापक उपायहरू हुँदा हुँदै पनि सरकारी औपचारिकता कर्मकाण्डीमात्रै साबित भए। विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा मानिसहरूको मृत्युको सातौँ कारण सडक दुर्घटना हो । दुर्घनाका कारणहरूको पहिचान गरी तिनको रोकथामको उपाय अवलम्बन गर्ने विषय सरकारको प्राथमिकतामा कहिल्यै परेन । नियमित सवारी जाँच,ट्राफिक नियमको परिपालना, जरिवाना र सचेतना बढाउन सकियो भने पनि दुर्घटना कम गर्न सकिन्छ।

स्वास्थ्य संस्थामा दरबन्दीअनुसार चिकित्सक नहुनु, औषधि उपलब्ध नहुनु तथा चेतना अभावका कारण सामान्य रोगबाटै पनि ग्रामीण भेगमा मानिसको मृत्यु हुने गरेका घटना सार्वजनिक भए। सरकारी तयारी अभाव, महामारीको रूप लिन सक्ने रोगबारे चेतना नहुनु तथा नदिइनु जस्ता कारण यसका लागि जिम्मेवार रहे।

कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानका लागि सरकारी पहल भएको पाइएन । महोत्तरी जिल्लाको जलेश्वर कारागारको कैदीबन्दी क्षमता १ सय ३५ जना रहेकामा अहिले ४ सय ८५ पुरुष, ४३ महिला र चार आश्रित बालबालिका गरी ५ सय ३२ जना कैदीबन्दी छन् । कारागारमा क्षमताभन्दा बढी राखिएका कैदीबन्दीलाई सुत्न, बस्न, खाना पकाउन, खान, हिँडडुल गर्न, शौचालय जान, नुहाउन तथा खानेपानीका साथै विभिन्न रोगको सङ्क्रमण जस्ता समस्या देखिएका छन् । कैदीबन्दीलाई सुत्नका लागि प्रतिव्यक्ति एकमिटर ठाउँ उपलब्ध गराउने गरिएको, त्यतिले पनि नअटाएपछि आवतजावत गर्ने बाटोमा पालैपालो सुताउने गरेको र त्यसरी पनि नअटाएपछि अहिले छतमाथि पाल टाँगेर पनि कैदीबन्दीलाई राख्नु परेको कारागारका चौकीदार मुख्य कैदी रमेश सिंहले बताए। उनले भने क्षमताभन्दा बढी चापकै कारण सबैथोक अभावमै चलाउनु परेको छ।

संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भए पनि कार्यान्वयनको ढिलाइले उनीहरू पाउनुपर्ने सुविधाबाट वञ्चित छन् । संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । सर्वोच्च अदालतले पनि कारागारमा रहेका ज्येष्ठ नागरिकलाई संविधानले दिएको सजाय छुटको सुविधा दिनू भन्ने निर्देशनात्मक आदेश जारी गरेको छ।

नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

संयुक्त राष्ट्रसङ्घका १ सय ९३ सदस्य राज्यहरूको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताको कार्यान्वयन अवस्थालाई आवधिक रूपमा समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६०/२५१ द्वारा मानवअधिकार परिषद्द्वारा २००६ मार्च महिनामा स्थापना गरिएको संयन्त्र हो। यो नयाँ संयन्त्रले सम्पूर्ण मानवअधिकारको अवस्थाबारेमा राज्यहरूको नियमितरूपमा समीक्षा गर्दछ । नेपाल सन् २०११ जनवरीमा सम्पन्न पहिलो चरणको समीक्षा, र २०१५ नोभेम्बर ४ देखि ६ सम्म सम्पन्न समीक्षामा सहभागी भइसकेको छ । यूपिआर कार्यदलले तयार पारेको प्रतिवेदनमा नेपालले १ सय ९५ सुझाबहरू प्राप्त गरेको थियो । राष्ट्रहरूले नयाँ संविधानको स्वागत गर्दै मानव अधिकारका सम्बन्धित पक्षमा सुझाव दिएका थिए । नेपाल सरकारले १ सय ५२ सुझाब स्वीकार गऱ्यो भने ४३ वटा सुझाब अस्वीकार गऱ्यो। संविधान, सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानव अधिकार महासन्धिहरू, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सिमान्तीकृत समुदायका अधिकार, मानव बेचविखन, प्राकृतिक प्रकोप, मानव अधिकार रक्षकसम्बन्धी विषयमा नेपाललाई सुझाब प्राप्त भएका थिए।

परिषद्ले तेस्रो चरणको समीक्षा सञ्चालन गरिरहेको सन्दर्भमा नेपालको आगामी समीक्षा सन् २०२० को अक्टोबर–नोभेम्बरकालागि तय गरिएको छ । समीक्षाका लागि नेपालका २ सय ९५ गैरसरकारी संस्थाको सञ्जालबाट प्रतिवेदन पठाउने तयारी पनि भइरहेको छ । यो सञ्जालको सचिवालय इन्सेकमा छ। यूपीआरको पहिलो चरणको समीक्षादेखि नै प्रतिवेदन तयार गर्न र अन्य प्रकृयामा सहभागी हुन गैरसरकारी संस्थाहरूले विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाहरूको सञ्जाल गठन गरेपछि सोही सञ्जाल क्रियाशील छ । विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जाल र डर्वन रिभ्यु कन्फरेन्स फलोअप कमिटी गरी तीन ओटा सञ्जाल क्रियाशील

छन्। तेस्रो चरणको समीक्षाका लागि २०२० मार्चसम्म प्रतिवेदन पठाउन उल्लिखित तीन सञ्जाल क्रियाशील रहेका छन्।

संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा १७ ओटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरिएका छन्। यो विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्यझैँ आफैँमा कुनै पनि प्रकारको कानुनी दायित्व सिर्जना गर्दैनन्। नेपाल सरकारले यस लक्ष्यमा तय गरिएका विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्तिका लागि प्रतिबद्धता जनाएको छ जुन यी अधिकार उपभोगका लागि महत्वपूर्ण प्रस्थान विन्दु हुन्।

दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्रसङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्रहरू सबै समेटेको छ। जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता अँगालेको छ। विकास एउटा निकायको प्रयासबाट मात्रै सम्भव हुने कुरा होइन। आवश्यक मात्रामा आर्थिक उपलब्धता, ज्ञान, बिशेषज्ञता, क्षमता विकास र उपयुक्त प्रविधि तथा नवीन विचारहरू दिगो विकास कार्यान्वयनको लागि महत्वपूर्ण श्रोतकारूपमा लिइएको छ। अरु मुलुकझैँ नेपालको लागि पनि यहाँको सरकार नै दिगो विकास एजेण्डा कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय हो। यसको राष्ट्रिय नीति, योजना, रणनीतिहरू तर्जुमा र बजेट व्यवस्थापन गर्ने काममा महत्वपूर्ण भूमिका रहन्छ। राजनीतिक दल र नेतृत्व, सांसद, माथिल्लो तहका प्रशासकहरूले विशेष नेपाल संघीय राज्य प्रणालीमा प्रवेश गरेसंगै स्थानीय सरकारहरू र प्रादेशिक सरकारहरूले पनि एजेण्डा कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन्। त्यसैगरी, जिल्ला समन्वय समितिलाई समेत संयोजन गर्ने जिम्मेवारी रहेको छ। एजेण्डाको कार्यान्वयनमा विशेषत यस बारे सचेतना जगाउने काममा सहजीकरण गर्नका लागि सामाजिक संघ संस्थाहरूले महत्वपूर्ण योगदान गर्न सक्छन्।

नेपाल सरकारको चौथो पञ्चवर्षीय मानव अधिकार कार्ययोजना (२०७१–२०७६) को अवधि यसै वर्ष असार मसान्तमा समाप्त भयो। नेपाल सरकारको मानव अधिकारका प्राथमिकता क्षेत्र निर्धारण गरी जारी कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन भने हुन सकेन। मानव अधिकार आयोगले मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाबारे अनुगमन गरेको छ। संविधानको कार्यान्वयन क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने प्रकृतिका कार्ययोजनाबीच जिम्मेवार निकायमा कुनै परिवर्तन नगरी कार्ययोजना पूरा भयो। आ.व. २०७६/०७७ पछि जारी हुने अर्को कार्ययोजनाबारे सरोकारवाला निकायसँग विगत कार्ययोजनाको उपलब्धि र चुनौतीसहित छलफल हुन सकेन। कार्ययोजना अन्त्य भएको ६ महिना बितिसक्दा समेत अर्को कार्ययोजना लागु हुन सकेन। तर प्रधानमन्त्री कार्यालयले ७९ पृष्ठ लामो मस्यौदाका रूपमा बाहिर ल्याइ सरोकारवालाबीच छलफल जारी छ।

दिगो विकास लक्ष्यले समेटेका विषयवस्तुमध्ये मानव अधिकारसँग सम्बन्धित गरिबी र भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा, सबैका लागि गुणस्तरीय शिक्षा, लैङ्गिक विभेदको अन्त्य, स्वच्छ पानी र सरसफाइ, सुरक्षित मानव बसोबास, जलवायु परिवर्तन र दिगो विकास न्यायमा पहुँचका लागि सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना जस्ता विषयलाई कार्ययोजनामा समायोजन हुन सकेमा नै दिगो विकास लक्ष्यहरू पूरा गर्न मद्दत पुऱ्याउँछ। तर विकास योजनासँग सम्बन्धित संयन्त्रलाई मानव अधिकारसँग नजोड्नु र अनुगमन समितिको नियमित बैठक नै बस्न नसक्नु, भावी कार्ययोजनाबारे समयमै सरोकारवालाबीच गहन छलफल, विचार/विमर्श नहुनुसमेत विगतको कार्ययोजना कार्यान्वयनमा चुनौती रहयो।

सम्मानितरूपले बाँच्न पाउने अधिकार

सन् २०१९ र मानव अधिकार उल्लङ्घनः तथ्य र तथ्याङ्क

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०१९ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार ६ सय ४२ जना पीडित भए। सन् २०१८ मा यस्ता घटनामा ५ हजार १ सय १० जना पीडित भएको अभिलेख थियो। यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ६८ महिला र ८ सय ६२ पुरुष गरी जम्मा ९ सय ३० जना तथा ज्यादतीका घटनामा ५ हजार ५८ महिला र ६ सय ५४ जना पुरुष गरी जम्मा ५ हजार ७ सय १२ जना पीडित भएको अभिलेख भयो। गत वर्षको तुलनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका

घटनामा यस वर्ष १ हजार ५ सय ३२ जना बढी पीडित भए।

यस वर्ष प्रहरीको गोली लागी भोजपुरमा दुई जना, सप्तरीमा एक जना, सर्लाहीमा दुई जना, रुपन्देहीमा एक जना र कपिलवस्तुमा एक जना गरी सात जनाको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो। यो वर्ष यातनाका घटनामा १३ जना, गिरफ्तारीका घटनामा ७ सय २ दुई, जातीय विभेदका घटनामा ६२ जना, अमानवीय व्यवहारका घटनामा ४० जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा ९८ जना र धम्कीका घटनामा ३५ जना र कुटपिटका घटनामा २ सय ७९ जना पीडित भएको अभिलेख भयो। यसैगरी, यसवर्ष विस्थापनका घटनामा आठ जना र बेपत्ता पारिएको घटनामा दुई जना पीडित भएको अभिलेख भयो।

महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार

सन् २०१९ मा महिलामाथि हुने हिंसाका घटनामा ३ हजार ३ सय ६४ जना पीडित भएको अभिलेख भयो । यस वर्ष बेचविखनका प्रयासका घटनामा ६९ जना, घरेलु हिंसाका घटनामा २ हजार ७९ जना, कथित बोक्सीको आरोपमा ४२ जना, बलात्कारका घटनामा ५ सय ३० जना, बलात्कार प्रयासका घटनामा १ सय ४३ जना, यौन दुर्व्यवहार को घटनामा ६३ जना, बेचबिखनका घटनामा ५१ जना महिला पीडित भएको अभिलेख भयो।

यस वर्ष परिवाजनबाट १ सय २९ जना महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या १ सय २० थियो । भनेजति दाइजो नल्याएको आरोपमा १३ जना महिलाको हत्या भयो भने सोही कारणले ३ सय जना महिला हिंसामा परेको अभिलेख भयो। परिवारजनबाट महिला मारिएको घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो। पोष्टमार्टम रिपोर्टमा आत्महत्या देखिएको भन्दै प्रहरीले उजुरी नै नलिएका घटना पनि अभिलेख भए।

रौतहट जिल्ला राजदेवी नपा–५ की २४ वर्षीया निशा उपाध्यायलाई पति २५ वर्षीय विवेक तिवारी, ससुरा ५५ वर्षीय बिरेन्द्र तिवारी, जेठाजु ३० वर्षीय चन्दन तिवारी र भाउनु २८ वर्षीया सोनी तिवारीले ०७६ वैशाख १४ गते हत्या गरी झुण्ड्याएको माइतीपक्षले आरोप लगायो । जातीय परम्परा अनुसार दुईवर्ष अघि विवाह भएकोमा पीडित महिलाको विवाहमा पलङ्ग नदिएको भनी परिवारका सदस्यहरुले लगातार शारीरिक तथा मानसिक यातना दिँदै आएकोमा वैशाख १४ गते परिवारका सदस्य मिलेर कुटपिट गरी हत्या गरेको र आत्महत्या देखाउनका लागि कोठाको सिलङ पङ्खामा झुण्ड्याएको पीडित महिलाको बाबु रामबाबु उपाध्यायले बताए । पीडितको जिल्ला अस्पताल, गौरमा वैशाख १५ गते पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार समेत भयो । किटानी उजुरी दर्ता गराउन जाँदा प्रहरीले दर्ता गर्न नमानेको उपाध्यायले बताए । जिल्ला प्रहरी कार्यालय, रौतहटका एसपी भुपेन्द्र खत्रीले पोष्टमार्टम रिपोर्टमा हत्या भएको कुनै सवुत फेला नपरेकाले उजुरी दर्ता नगरिएको बताए।

यसैगरी अर्को एक घटनाको प्रहरीले जाहेरी नै लिएन। घटनापछि फरार हुने आरोपित पक्षको खोजी वा उनीहरूलाई कानुनी दायरमा ल्याउन प्रहरीको इच्छाशक्ति कम देखियो। जबकी फौजदारी अपराधमा पीडितले जाहेरी नै नदिए पनि कारबाही प्रकृया अगाडि बढाउनु पर्ने कानुनी व्यवस्था छ।

धनुषा जिल्ला क्षिरेश्वरनाथ नपा–५ सखुवाबजारकी २० वर्षीय ज्योति नायकलाई २०७६ मङ्सिर २५ गते बिहान २६ वर्षीय पति नवीनकिशोर नायकले घाँटी थिचेर हत्या गरेको भन्दै मृतकका बुबा सुरेन्द्र नायकले जिल्ला प्रहरी कार्यालय, धनुषामा २०७६ मङ्सिर २६ गते दिएको उजुरी प्रहरीले दर्ता नगरेको पीडितले बताए । क्षिरेश्वरनाथ नपा–५ का नवीनकिशोर र ज्योतिको २०७५ फागुन १९ गते भएको विवाहमा १० लाख रुपियाँ नगद, साँढे नौ तोला सुन, फर्निचरलगायत १७ लाख रुपियाँ बराबरको दाइजो दिइएको बुवा सुरेन्द्र नायकले बताए । तर फ्रिज लगायतका सामान माग्दै ज्योतिलाई उनको परिवारले शारीरिक तथा मानसिक यातना दिँदै आएको थियो । शवको पोर्स्टमार्टम जनकपुरस्थित प्रादेशिक अस्पतालमा २०७६ मङ्सिर २७ गते भयो । पीडितपक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा दिएको उजुरी प्रहरीले दर्ता नगरेको र इलाका प्रहरी कार्यालय, महेन्द्रनगरले पनि २०७६ मङ्सिर २७ गते साँझसम्म समेत उजुरी नलिएको पीडित पक्षको आरोप छ।

दाइजोका कारण हुने मानसिक, शारीरिक यातनाको पाटो डरलाग्दो हुन्छ । कतिपय अवस्थामा यस्ता घटना प्रकाशमा नै आउँदैनन् । विपन्न वर्गका मानिसले दाइजोको प्रताडनाका कारण घरखेत नै बेच्नुपरेको वा उठिवास नै हुनुपर्ने अवस्था सृजना भएका छन्। दाइजोबापत दिनुपर्ने रकम बाबुले जुटाउन नसक्ने भएपछि एक युवतीले आत्महत्या गरेको घटना पनि इन्सेकले अभिलेख गऱ्यो।

पर्सा जिल्लाको एक घटनामा केटा पक्षले केटीको अभिभावकसँग ५० हजार रुपियाँ दाइजो माग गरेको ,केटीका अभिभावकको आर्थिक अवस्था कमजोर रहेको र पैसाको कारण बिहे रोकिने स्थिति बनेको जानकारी केटीले पाएपछि आत्महत्या गरेको हुनसक्ने प्रहरीले जनायो।

नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ जारी भई लागु भएको छ। सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन्। कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजोका कारण गरिने मानसकि तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन्। यस वर्षदेखि दुर्गम भेगका प्रसूति व्यथाले च्यापेका महिलाहरूको उद्दार गरी सुविधायुक्त स्वास्थ्य संस्थामा पुऱ्याउने कार्यको शुरुआत भयो। यस कार्यक्रमले सैयौँ महिलाको जीवन जोगाउन मद्दत पुगेको इन्सेकले अभिलेख गऱ्यो।

इन्सेकका ७७ जिल्ला प्रतिनिधिले प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका ज्येष्ठ नागरिक सेवा केन्द्र अनुगमन गरेका थिए। यी कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारजनबाट महिलामाथि हुने हिंसाका घटनाको अभिलेख हुने क्रम बढ्दो छ। परिवारजनबाट महिलामाथि हुने धेरै जसो घटनालाई परिवारमै गुपचुप राख्ने वा गाउँ समाजमै मिलाउने परम्परा कायम छ। धेरैजसो घटनामा महिलाकै दोष देखाएर आरोपितलाई उन्मुक्ति दिने कार्य पनि भइरहेका छन्।

बाल अधिकार

देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चिती जस्ता बाल अधिकार हननबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गरेका थिए। धेरैजसो विद्यालयका भवन बालमैत्री थिएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। निशुल्क शिक्षाको विषय व्यवहारमा लागु भएको पाइएन। सामुदायिक विद्यालयले विभिन्न बहानामा शुल्क असुल गरेको पाइयो। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अधिकार)*। यसबाहेक समाजमा गैरराज्य पक्षबाट पनि बालबालिका उत्तिकै हिंसाको चपेटामा परे *(हेर्नुहोस् तालिका)*। यस वर्ष बालअधिकार उल्लङ्घनका घटनामा १ हजार ४ सय ४७ जना पीडित भएको अभिलेख भयो। उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ। धेरै जसो बालविवाहका घटना प्रहरीसम्म आइपुग्दैन। प्रहरीसम्म आएका घटनामा प्रहरीले कानुनी कारबाहीको प्रकृया अगाडि बढाएको पाइयो। विद्यालयमा दिइने शारीरिक दण्डका घटना अभिलेख भएकोमा सबैजसो घटना मिलापत्रमा टुङ्गिए।

धनुषा जिल्ला मिथिला नपा–६ का शम्भु साहका अढाइ वर्षीय छोरा आर्यन भनिने समिरकुमार साहलाई ०७६ वैशाख २३ गते सोही ठाउँका ४५ वर्षीय शत्रुधन महतोले अपहरण गरि बन्धक बनाएर सोही राति धारिलो घरेलु हतियारले घाँटी रेटेर हत्या गरेको भन्दै पीडितपक्षले वैशाख २४ गते इलाका प्रहरी कार्यालय, ढल्केवरमा उजुरी दिए। आरोपितले आफू शक्तिशाली धामी बन्न बालकको बलि दिएको प्रहरीलाई बयान दिए।

राज्य र मानव अधिकार

न्यायपालिका

शक्ति पृथकीकरण तथा सन्तुलनको सिद्धान्तलाई लोकतान्त्रिक शासन प्रणालीको न्यूनतम सर्त मानिएको भए पनि न्यायिक निकायहरू सरकार तथा कार्यकारिणीबाट बजेट, मानवीय संसाधनलगायत अन्य अत्यावश्कीय विषयहरूमा नियन्त्रित रहेर बस्नुपरेको स्वयं सर्वोच्च अदालतबाट प्रकाशित प्रतिवेदन तथा समय समयमा हुने न्यायाधीश तथा बार एसोसिएसनको भेला तथा सम्मेलनबाट गुनासा आए। न्यायाधीशहरूको नियुक्ति तथा न्यायपालिकाको नियमनकारी निकायका रूपमा रहेको 'न्यायिक परिषद्' जसको गठनमा बहुमत सदस्य राजनीतिक आस्था तथा कार्यपालिकाद्वारा इच्छाइएका व्यक्तिबाट नियुक्त हुने कारणले

महिला अधिकार

पीडित सङ्ख्या २०१४-२०१९



पीडित सङ्ख्या, २०१९



सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन । चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना । यसैगरी कथित बोक्सीको आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन । नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा हजारौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन् । प्रहरीकै तथ्याङ्कलाई आधार मान्ने हो भने घरेलु हिंसाका अधिकांश घटनामा मिलापत्र हुने गरेको छ । आर्थिक उपार्जनको कुनै बाटो नभएका महिला बाध्य भएर आफूमाथि कुटपिट गर्ने पति र परिवाजनका सदस्यसँग मिलापत्र गर्न बाध्य हुन्छन् । गम्भीर प्रकारका हिंसाका घटनामासमेत मिलापत्र भएका उदाहरण इन्सेकमा प्रशस्तै अभिलेख भए ।

न्यायाधीशहरूको नियुक्ति विगत केही वर्षदेखि विवादित तथा सार्वजनिकरूपमा आलोच्य रहने गरेकामा यो वर्ष पनि त्यो क्रम रोकिएन । प्रत्येक दिन स्वतन्त्र, सक्षम तथा निर्भीक न्यायपालिकाको अवधारणामा तुषारापात पर्दै गएको यसका विज्ञमात्र होइन, आममानिसले पनि सजिलै महसुस गर्न थालेका आभास यो वर्ष पनि देखियो । यस वर्ष पनि न्यायपालिकामा सबभन्दा विवादित र आलोच्य विषयका रूपमा राजनीतिक दलका कार्यकर्ता, नातागोता तथा कार्यक्षमता, पेशाप्रतिको लगन र निष्ठासमेतमा कमी भएकालाई न्यायाधीशमा नियुक्त गरेको विषय सार्वजनिक भई आलोच्य भएको पाइयो । के र कस्ता आधारमा त्यस्ता व्यक्तिलाई न्यायपालिकामा नियुक्त गरियो भन्ने विषयमा कुनै सार्वजनिक जवाफदेहिता कतैबाट पनि स्पष्टरूपमा सार्वजनिक भएको देखिएन । यसै वर्ष केही चर्चित सार्वजनिक विषयहरूमा अदालतबाट अनपेक्षित फैसलाहरू भएको भन्ने विषयमा सङ्घीय संसद्मा सांसदहरूले महाभियोग लगाउनेसम्मको बहस खुलारूपमा चलाइनुले एकातिर अदालतका न्यायमूर्तिहरूको आर्थिकलगायत अन्य चलखेललाई शङ्का पुऱ्याएको मानिएको छ।

कार्यपालिका

नागरिकको मानव अधिकारको संरक्षण, प्रवर्द्धन र परिपालना गर्न संविधान र कानुनप्रदत्त दायित्व र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न तीनै तहका कार्यपालिका (सरकार) को अहम भूमिका रहन्छ। त्यसका लागि संस्थागत सुदृढीकरण र संयन्त्र निर्माण गरिनुपर्छ । नेपालको सन्दर्भमा सङ्घीयता आफैँमा नयाँ प्रणाली भएकाले यसको कार्यान्वयनमा भिन्न भिन्न दृष्टिकोण रहिआएका छन् । तथापि सरकार गठन भएको दुई वर्षको छोटो अवधिमा प्रदेश सरकारले तीन वटा बजेट ल्याएका छन् । पहिलोपल्ट बजेट ल्याउँदा थोरै कर्मचारी, संस्थागत संरचना नबनेको अवस्थामा बजेटको एक चौथाइ पनि प्रदेशले खर्च गर्न सकेनन्। आर्थिक वर्ष २०७६/०७७ को प्रदेशको बजेट तर्जुमा हुँदा भने आर्थिक विकास, पूर्वाधार र सामाजिक न्यायलाई प्राथमिकता दिएको छ। मूलतः संविधानले परिकल्पना गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय कार्यपालिकाबाट नै समन्वय र सहकार्यमा नागरिकका मानव अधिकार संरक्षण र संवर्द्धन हुने विश्वास लिन सकिन्छ। संविधानले तीनै तहको सरकारलाई संविधान र कानुनको अधीनमा रही कार्यकारिणी अधिकारसहित शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्, प्रदेश मन्त्रिपरिषद्का अतिरिक्त गाउँपालिका र नगर कार्यपालिकामा निहित रहने व्यवस्था गरेकाले संविधानको मर्म, भावना र नागरिकको चाहनाबमोजिम कार्यकारिणी अधिकार प्रयोग गर्नुपर्ने अवस्था छ । तीनै तहका सरकारले जनआकाङ्क्षालाई ध्यान राखी नेतृत्व वर्गबाट निर्वाह हुने जवाफदेही भूमिकाले नै नागरिकको मानव अधिकार संरक्षण हुन गई संविधानको कार्यान्वयन हुँदै संविधानवाद र लोकतान्त्रिक शासन प्रणालीको विकासमा योगदान पुग्न जाने देखिन्छ।

व्यवस्थापिका

संसद्को सबैभन्दा महत्वपूर्ण संवैधानिक दायित्वमध्ये एक कानुन निर्माण पनि हो। तर समीक्षा वर्षमा संसद्ले आफ्नो यो संवैधानिक दायित्व इमान्दारीपूर्वक निर्वाह गर्न सकेन । प्रतिनिधि सभाअन्तर्गत विभिन्न चरणमा रहेका २७ विधेयकमध्ये १० समितिमा विचाराधीन छन्। प्रतिनिधि सभाको सभामुख चयन गर्ने संवैधानिक तथा कानुनी विधि हुँदाहुँदै पनि सोको इमान्दारपूर्वक पालना नगरी उपसभामुखलाई पार्टीको कार्यकर्ता जस्तो व्यवहार गरी सिङ्गो सभालाई अनिर्णयको बन्दी बनाइएका कारण प्रतिनिधि सभा कानुन निर्माण गर्ने प्रमुख संवैधानिक दायित्वबाट नै च्युत भएको अवस्था रहयो। विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशन सभामुखको अभावमा कार्यसूचीमा नै प्रवेश गर्न नसके का कारण अत्यावश्यक कानुनहरूसमेत निर्माण हुन सकेन भने लामो समयदेखि संसद्मा विचाराधीन तीन तहबीच समन्वय गर्ने विधेयकले समेत अन्तिम रूप प्राप्त गर्न सकेन। त्यसैगरी संविधानको धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्यायसम्बन्धी हकलाई प्रचलनमा ल्याउनका लागि आवश्यक पर्ने कानुन यस वर्ष पनि बन्न सकेन।

निष्कर्ष

विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाको छानबिन तथा अनुसन्धान गरी वास्तविकता पत्ता लगाउनु हो र दोषीलाई कानुनको दायरामा ल्याई जवाफदेही बनाउन सिफारिस गर्न सङ्क्रमणकालीन न्यायको आवश्यकता रहेको हो । नेपालमा विगतको सशस्त्र द्वन्द्वमा राज्यका तर्फबाट परिचालित सुरक्षा फौजद्वारा व्यक्तिलाई पक्राउ गरी दोहोरो भिडन्तका

नाममा हत्या गरिएको र पक्राउ गरिएको छैन भनी कतिपयलाई बेपत्ता पारिएको, आस्थाका आधारमा पक्राउ गरी यातना दिने, गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राख्ने, अदालतद्वारा बन्दी प्रत्यक्षीकरणको रिटमा आदेश जारी हुँदा समेत अदालत परिसरबाटै जबरजस्ती पक्राउ गर्ने जस्ता मानव अधिकार तथा मानवीय कानुन विपरितका कार्य भए । त्यसैगरी तत्कालीन विद्रोही नेकपा (माओवादी) द्वारा पनि सर्वसाधारणलाई घरबाट अपहरण गरी लैजाने र सुराकीको आरोपमा हत्या गर्ने, निर्मम यातना दिने, निशस्त्र अवस्थामा रहेका राज्यका सुरक्षा निकायका व्यक्तिको हत्या, सार्वजनिक सवारीका साधनमा एम्बुस पड्काउने, महिला तथा बालबालिकालाई सुराकीको रुपमा प्रयोग गर्ने, बालबालिकालाई सैन्य भर्ना गर्ने, जस्ता अनगिन्ती मानवअधिकार तथा मानवीय कानुन विरुद्धका घटना भए । लामो समयदेखि कायम सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्ग्याउनु, पीडितलाई परिपूरण र परिपूरणको व्यवस्था गरिनु यो सन्दर्भमा गर्नै पर्ने काम हो । राजनीतिक दलको दृढ्ढो इच्छाशक्तिले मात्रै यो कार्यभार पूरा गर्न सक्छ । यो विषयलाई लम्ब्याइरँदा आउने परिणामका बारेमा सचेत हुन सकिए अगाडि बढ्ने बाटो पहिल्याउन सहज हुनेछ । महिला तथा बालबालिका माथि भएका र हुने गरेका अपराधको दर प्रतिदिन बढेको इन्सेकको तथ्याङ्कमा देखिन्छ । महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रह्यो। कानुनको प्रभावकारी कार्यान्वयन यससन्दर्भमा नभइ नहुने कुरा हो।

मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको अन्त्यसजस्ता विषयमा काम हुन सके सरकारले भनेजस्तो समृद्धिका विषयले प्राथमिकता पाउलान् भन्ने अपेक्षा गर्न सकिन्छ। सरकारले अघि सारेका नीति तथा कार्यक्रमहरूले आमजनाताको जीवनमा केही परिवर्तन ल्याउन सक्यो भने मात्रै सरकार भएको अनुभूति जनताले गर्नेछन् । मानव अधिकारको परिपालनामा देखिएका कमजोरी सुधार गुर्न, दण्डहीनताको अपसंस्कार अन्त्य गर्नु पनि आजको कार्यभार हो।

सुझाव

१. सङ्क्रमणकालीन न्यायको प्रभावकारी पालनाका लागि सर्वोच्च अदालतको परमादेशलाई ध्यानमा राखी यस विषयलाई टुंग्याउने प्रयास गर्नुपर्छ।
२. विश्वव्यापी आवधिक समीक्षा (युपिआर) मा नेपाललाई प्राप्त सिफारिसको कार्यान्वयनका गर्नुपर्छ।
३. मानव अधिकार राष्ट्रिय कार्ययोजनामा विकासमुखी अवधारणालाई प्राथमिकता दिनु पर्छ।
४. कानुनी शासनलाई मजबुत बनाउन फौजदारी मुद्दाको अनुसन्धानका लागि भरपर्दो अनुसन्धान पद्धति विकास गरिनुपर्छ।
५. महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि प्रभावकारी कानुनी व्यवस्था लागु गर्नु पर्छ।
६. दण्डहीनताको अन्त्यका लागि राजनीतिक इच्छाशक्तिको विकास गर्नु पर्छ।

विजयराज गौतम
कार्यकारी निर्देशक

परिशिष्ट १

नेपाल- घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कूल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
घाइते							
बम विष्फोटबाट				९	१७	२६	२६
झडपमा	१	२४	२५	२	४४	४६	७१
आफ्नै बम विष्फोटबाट					६	६	६
आगो लगाएर					२	२	२
एसिड छर्केर				३	१	४	४
गोली लागेर		१४	१४		८	८	२२
धारिलो हतियारबाट				९	२३	३२	३२
जम्मा	१	३८	३९	२३	१०१	१२४	१६३
बेपत्ता							
जम्मा				१	१	२	२
बाल अधिकार							
बालश्रम				४	१२	१६	१६
बेचबिखन तथा ओसारपसार				५४	२३	७७	७७
बालविवाह				३६	६	४२	४२
बलात्कार				८८४		८८४	८८४
विद्यालयमा शारीरिक सजाय				१९	२७	४६	४६
यौन दुर्व्यवहार				३६५	१७	३८२	३८२
जम्मा				१३६२	८५	१४४७	१४४७
अमानवीय व्यवहार							
कथित बोक्सोको आरोप					३	३	३
अन्य		१	१		१४	१४	१५
अनुहारमा मोसो दलेको				२	९	११	११
नखुलेको				१	९	१०	१०
कपाल खौरिएको				१		१	१
जम्मा		१	१	४	३५	३९	४०
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार							
आफ्नो सम्पत्तिको अधिकार					३	३	३
ज्यालाबाट वञ्चित				२		२	२
जम्मा				२	३	५	५
अपहरण							
जम्मा				२८	१६	४४	४४

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
महिला अधिकार							
बेचबिखन तथा ओसारपसार प्रयास				६९		६९	६९
बेचबिखन तथा ओसारपसार				५१		५१	५१
कथित बोक्सीको आरोप				४२		४२	४२
बलात्कार				५३०		५३०	५३०
बलात्कार प्रयास				१४३		१४३	१४३
बहुविवाह				३८३		३८३	३८३
घरेलु हिंसा				२०७९		२०७९	२०७९
यौन दुर्व्यवहार				६३		६३	६३
प्रसूति सेवा	४		४				४
जम्मा	४		४	३३६०		३३६०	३३६४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार							
भेला/सङ्गठित हुने अधिकार	२	९३	९५		१	१	९६
लाठी चार्ज		२	२				२
जम्मा	२	९५	९७		१	१	९८
जातीय विभेद							
जातीय छुवाछूत		१	१	२३	३७	६०	६१
विभिन्न अवसरबाट वञ्चित				१		१	१
जम्मा		१	१	२४	३७	६१	६२
गिरफ्तारी							
जम्मा	४७	६५५	७०२				७०२
हिरासत वा थुनामा मृत्यु							
जम्मा		५	५				५
यातना							
जम्मा	७	६	१३				१३
कुटपिट							
जम्मा	७	३५	४२	४५	१९२	२३७	२७९
धम्की							
जम्मा		२	२	७	२६	३३	३५
जेलमा मृत्यु							
जम्मा		१७	१७				१७
विस्थापन							
जम्मा				३	५	८	८

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
हत्या							
घाँटी रेटेर				२	१	३	३
घाँटी थिचेर				६	१	७	७
घाँटी काटेर				११		११	११
झडपमा		१	१		२	२	३
ढुङ्गाले किचेर				१	१	२	२
बलात्कारपछि				७		७	७
आगो लगाएर				५	२	७	७
आफ्नै बम विस्फोटबाट					८	८	८
बम विस्फोटबाट					४	४	४
झुण्ड्याएर				७		७	७
विष खुवाएर				७		७	७
लाठी प्रहारबाट				१	८	९	९
कुटपिट गरी				९१	६७	१५८	१५८
गोली हानी		६	६	३	६	९	१५
खुकुरी प्रहारबाट				३	४	७	७
धारिलो हतियार प्रहारबाट				५१	४५	९६	९६
हत्याको प्रकृति नखुलेको				४	३	७	७
जम्मा		७	७	१९९	१५२	३५१	३५८
कूल जम्मा	६८	८६२	९३०	५०५८	६५४	५७१२	६६४२

परिशिष्ट २

पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
राजनीतिक कार्यकर्ता	५२	६३२	६८४	७	५६	६३
स्वास्थ्य कार्यकर्ता		२	२	३	२	५
स्वास्थ्यकर्मी				२	३	५
प्रहरी		८	८	६	५९	६५
सामाजिक कार्यकर्ता		४	४	१	११	१२
सेना		१	१		१	१
मजदुर		१२	१२	८६	३६	१२२
नाबालक				५२	११	६३
बन्दी		१४	१४		६	६
जागिरे/कर्मचारी				७	३८	४५
पत्रकार	१	२४	२५	८	५२	६०
विद्यार्थी	४	८०	८४	१४३२	१२०	१५५२
शिक्षक	१	१६	१७	८	१६	२४
इन्जिनियर					१	१
उद्योग व्यवसायी	१	१५	१६	२९	१६	४५
कृषक	५	४६	५१	१३३३	२०३	१५३६
कानुन व्यवसायी					१	१
गृहिणी	४		४	१९८०	१	१९८१
नखुलेको		८	८	१०४	२१	१२५
जम्मा	६८	८६२	९३०	५०५८	६५४	५७१२

परिशिष्ट ३ प्रदेश १ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६	४	१४	१८
बाल अधिकार				२९६	५	३०१
अमानवीय व्यवहार				१	३	४
अपहरण				२	१	३
महिला अधिकार				३३५		३३५
अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकार		१	१			
जातीय विभेद					१	१
गिरफ्तार	२	८१	८३			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट		४	४	४	१२	१६
धम्की					२	२
हत्या		२	२	४०	३५	७५
जम्मा	२	९५	९७	६८२	७३	७५५

परिशिष्ट ४ प्रदेश २ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६	४	२२	२६
बाल अधिकार				२०२	२३	२२५
अमानवीय व्यवहार				१	२	३
अपहरण				११	६	१७
महिला अधिकार				२३६		२३६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	१६	१७			
जातीय विभेद		१	१		५	५
विस्थापन				३	५	८
गिरफ्तार		१५	१५			
यातना	१		१			
कुटपिट	५	१७	२२	११	४६	५७
धम्की				२	७	९
हत्या		३	३	५७	२२	७९
जम्मा	७	५८	६५	५२७	१३८	६६५

परिशिष्ट ५ बागमती प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		७	७	५	१७	२२
बाल अधिकार				३७०	६	३७६
अमानवीय व्यवहार				१	५	६
अपहरण				४	३	७
महिला अधिकार				७४७		७४७
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१२	१२			
जेलमा मृत्यु		१६	१६			
जातीय विभेद				६	१५	२१
गिरफ्तार	८	१६०	१६८			
हिरासतमा वा थुनामा मृत्यु		२	२			
यातना	६	१	७			
कुटपिट		५	५	५	२८	३३
धम्की				३	२	५
हत्या				२९	३१	६०
जम्मा	१४	२०३	२१७	११७०	१०७	१२७७

परिशिष्ट ६ गण्डकी प्रदेशः घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	३	४	५	७	१२
बाल अधिकार				८२	८	९०
अमानवीय व्यवहार				१	१३	१४
आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार					२	२
महिला अधिकार				३१०		३१०
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	५६	५७		१	१
जातीय विभेद				३	२	५
गिरफ्तार	१३	१२५	१३८			
कुटपिट		५	५	२	१२	१४
धम्की					२	२
हिरासत वा थुनामा मृत्यु		१	१			
हत्या				९	१५	२४
जम्मा	१५	१९०	२०५	४१२	६२	४७४

परिशिष्ट ७ प्रदेश ५ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		८	८	५	१७	२२
बाल अधिकार				२५५	२८	२८३
अमानवीय व्यवहार					६	६
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				२		२
अपहरण				७	२	९
महिला अधिकार	१		१	९८५		९८५
जेलमा मृत्यु		१	१			
जातीय विभेद				३	२	५
गिरफ्तार	७	१३७	१४४			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१०	१०			
यातना		१	१			
कुटपिट	२	२	४	१५	४०	५५
धम्की				१	७	८
बेपत्ता				१	१	२
हत्या		२	२	४१	१४	५५
जम्मा	१०	१६१	१७१	१३१५	११७	१४३२

परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					४	४
बाल अधिकार				५६	९	६५
अमानवीय व्यवहार		१	१		३	३
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					१	१
महिला अधिकार	३		३	२४७		२४७
अपहरण				२	२	४
जातीय विभेद				७	११	१८
गिरफ्तार	२	६०	६२			
यातना		४	४			
कुटपिट		१	१	६	३७	४३
धम्की		२	२	१	६	७
हत्या				१०	११	२१
जम्मा	५	६८	७३	३२९	८४	४१३

परिशिष्ट ९ सुदूरपश्चिम प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		८	८		२०	२०
बाल अधिकार				१०१	६	१०७
अमानवीय व्यवहार					३	३
अपहरण				२	२	४
महिला अधिकार				५००		५००
जातीय विभेद				५	१	६
गिरफ्तार	१५	७७	९२			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट		१	१	२	१७	१९
हत्या				१३	२४	३७
जम्मा	१५	८७	१०२	६२३	७३	६९६

परिशिष्ट १० पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
अपहरण	५	२	३	६	२	३	२	३	३	३	४	८	४४
गिरफ्तार	६	२१	१५२	७६	६९	९९	६०	७५	२७	४७	४८	२२	७०२
कुटपिट	२४	३१	२८	१३	२९	३८	२०	१९	२०	२५	२४	८	२७९
बाल अधिकार	१०१	१०९	१३४	१२८	१५२	१७२	१४३	१३३	९३	११८	८८	७६	१४४७
हिरासत वा थुनामा मृत्यु		१		१	१						२		५
जेलमा मृत्यु	७	३	१	४	१	१							१७
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	२		१					१			१		५
अमानवीय व्यवहार	५	१	३	६	२	१	११	२	३		२	४	४०
घाइते	१२	२४	३	२	२०	१३	६	११	९	११	१७	३५	१६३
हत्या	३७	२५	२५	२७	५०	२७	३५	२६	२०	३५	२९	२२	३५८
जातीय विभेद	५	२	८	१४	३	५	३	१	४	१३	४		६२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	४	४५		१		१८	१	१	६		१२	१०	९८
धम्की	१	४	२	४	८		२	६	१	१	२	४	३५
यातना			६	१			३	१			१	१	१३
बेपत्ता										१		१	२
विस्थापन					८								८
महिला अधिकार	३०६	२३८	३२४	३५०	३९९	३६७	३६३	२७९	२१८	२०८	२३१	८१	३३६४
जम्मा	५१५	५०६	६९०	६३३	७४४	७४४	६४९	५५८	४०४	४६२	४६५	२७२	६६४२

परिशिष्ट ११ जातजातिका आधारमा पीडित सङ्ख्या

जातजाति	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
सन्यासी		७	७	४३	८	५१
ब्राम्हण	१०	१८८	१९८	४८३	९८	५८१
बैश्य				१६		१६
बनिया		५	५	१०	४	१४
दलित	२०	१२७	१४७	११६०	१२०	१२८०
आदिवासी		१	१	६	२	८
मण्डल	१	१	२	४२	८	५०
मुस्लिम		२	२	२०२	१८	२२०
नेवार	२	३२	३४	९०	११	१०१
जनजाति	१२	२०४	२१६	१४७७	१३२	१६०९
क्षेत्री	१८	२६१	२७९	१११८	१७३	१२९१
कोइरी		४	४	२६	१२	३८
कायस्थ		२	२	१६		१६
तेली	१	६	७	८३	१८	१०१
यादव	४	१७	२१	१३५	३७	१७२
नखुलेको		५	५	१५१	१३	१६४
जम्मा	६८	८६२	९३०	५०५८	६५४	५७१२

परिशिष्ट १२ भौतिक संरचनामा क्षति

घटनाको प्रकार	जम्मा
स्वास्थ्य केन्द्र	३
सरकारी सवारी साधानहरू	११
सरकारी कार्यालयहरू	९
सञ्चार क्षेत्र	४
दूरसञ्चार टावर	३५
निजी सवारीसाधन	४६
निजी घर	८
निजी कार्यालयहरू	२

नगरपालिका भवन	२४
राजनीतिक पार्टी कार्यालय	१
सामुदायिक भवन	१
निजी सम्पत्ति	६
विद्यालय	४
विश्वविद्यालय	१
क्याम्पस	४
जम्मा	१५९

नेपालमा पहिलो मानव अधिकार समाचार अनलाइन

नेपाली र अङ्ग्रेजीमा

www.inseconline.org

मानव अधिकारसम्बन्धी विविध समाचारहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।